निर्णय प्रमाणित

आज मिति २०७७ साल भाद्र २ गते चामे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र वहादुर घलेज्यूको अध्यक्षतामा बसी निम्न उपस्थितिमा देहाय वमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | अध्यक्ष | - | श्री लोकेन्द्रबहादुर घले |
| २. | उपाध्यक्ष | - | श्री मुनिन्द्रजंग गुरुङ |
| ३. | सदस्य | - | श्री आशिष गुरुङ |
| ४. | सदस्य | - | श्री भिमबहादुर गुरुङ |
| ५. | सदस्य | - | श्री राजु लामा |
| ६. | सदस्य | - | श्री लोप्साङ लामा |
| ७. | सदस्य | - | श्री कैले गुरुङ |
| ८. | सदस्य | - | श्री आशकुमारी गुरुङ |
| ९. | सदस्य | - | श्री माईता गुरुङ |
| १०. | सदस्य | - | श्री फूलमाया गुरुङ |
| ११. | सदस्य | - | श्री समिरा गुरुङ |
| १२. | सदस्य | - | श्री विन घले |
| १३. | सदस्य | - | श्री लक्ष्मी वि.क. |
| १४. | सदस्य सचिव | - | श्री नम नारायण मल्ल |

आमन्त्रीत सदस्यहरु

१. इन्द्र जंग गुरुङ, शिक्षा संयोजक, चामे गाउँपालिका
२. लिल बहादुर गुरुङ, जिन्सी शाखा प्रमुख, चामे गाउँपालिका
३. विष्णु प्रसाद अधिकारी, प्रशासन शाखा प्रमुख, चामे गाउँपालिका

प्रस्तावहरु

१. पुन वितरित शिक्षक दरवन्दी सम्वन्धमा ।
२. सिरान ताल-म्यादी भिरमा ढुंगा विष्फोटन गर्दा लागेको खर्च अनुमोदन गर्ने सम्वन्धमा ।
३. ढुङ्गा, गिट्टि, वालुवा तथा खानी जन्य पदार्थ उत्खनन क्षेत्र तोक्ने सम्वन्धमा ।
४. सहमती प्रदान गर्ने सम्वन्धमा ।

निर्णयहरु

१. नेपाल सरकार मन्त्री परिषद्को मिति २०७६।०५।०४ गतेको निर्णयानुसार पुन वितरित शिक्षक दरवन्दी यस चामे गाउँपालिकामा प्राथमिक तहमा २७ जना शिक्षक, निम्न माध्यामिक तहमा ७ जना शिक्षक, माध्यामिक तहमा (कक्षा ९-१०) ६ जना र उच्च माध्यमिक तहमा (कक्षा ११-१२) २ जना शिक्षक दरवन्दी कायम भएको सन्दर्भमा शिक्षा नियमावली, २०५९ संशोधन सहितको नियम ९२ संग सम्वन्धित अनुसूची १२ मा विद्यालयमा ५० जनासम्म विद्यार्थी भएकोमा २ जना शिक्षक रहने, कक्षा ९-१० संचालितमा ५ माध्यामिक दरवन्दी र कक्षा १०-१२ संचालितमा ८ माध्यामिक दरवन्दीमा शिक्षक रहने व्यवस्था रहेकोछ । पुन वितरित शिक्षक दरवन्दी वितरण अनुसूची १२ नियम ९२ सँग बाझिने गरी भएको देखिन्छ । यस गाउँपालिकामा तपसिलका विद्यालय संचालनमा रहेका छन् । विद्यालयहरुको दुरी ४५ मिनेट देखि २:०० घण्टा सम्म रहेको छ ।
श्री गौरीशंकर आधारभुत विद्यालय (कक्षा १-८)
श्री दिन दयालु आधारभुत विद्यालय (कक्षा १-८)
श्री विश्वशान्ती प्राथमिक विद्यालय (कक्षा १-५)
श्री लोकप्रिय माध्यामिक विद्यालय (कक्षा १-१२)
माथि उल्लेखित अवस्थामा प्राथमिक तहमा ८ र माध्यामिक तह कक्षा ९-१० मा २ दरवन्दीले यस गाउँपालिकामा रहेका विद्यालयहरुमा भौगोलिक विकटता पातलो बस्तीका कारण वालवालिकाहरुले सहजरुपमा शिक्षा पाउनु पर्ने संबैधानिक मौलिक हकबाट बञ्चित हुनुपर्ने अवस्थाको सिर्जना हुन्छ । यस कुरालाई मनन गरी गाउँ कार्यपालिकाको मिति को निर्णय अनुसार पुर्नविचारको लागि श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार, काठमाण्डौं, श्री शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरमा अनुरोध गरिएको साथै पटक पटक अनुरोध गर्दा पनि सो सम्वन्धमा कुनै सुनुवाइ नभइ शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट तत्काल दरवन्दी मिलान गर्न भनि मिति २०७७।०४।१६ मा सूचना प्रकाशन भएको । नेपालको संविधान, शिक्षा ऐन, शिक्षा नियमावली अनुसार माध्यामिक तहमा विषयगत, आधारमा ८ दरवन्दी र प्राथमिक तहमा विद्यालयको संख्याको आधारमा कम्तिमा १२ दरवन्दीको व्यवस्थाको लागि पहल गरिदिनु हुन जिल्ला शिक्षा समन्वय समिति, मनाङ र शिक्षा विकास तथा समन्वय इकाई, मनाङलाई अनुरोध गर्ने निर्णय गरियो ।

२. बेशिसहर-चामे सडकखण्डको सिरान ताल, म्यादी भिर लगायतका स्थानहरुमा ठूला ढुंगाहरु माथिबाट आई अत्यावस्यक सवारी साधन, एम्बुलेन्स, विकास निर्माण तथा खाध्यान्न बोकेका सवारी साधनहरु संचलन गर्न बाधा आईपरेको समयमा उक्त ढुंगा विष्फोट गराई सडक सुचारु गर्ने स्थानीय विपद् समितिको निर्णय अनुसार जिल्ला प्रशासन कार्यालय, मनाङ, चामे गाउँपालिका र रणदल गुल्मले संयूक्त रुपमा ढुंगा विष्फोट गराउन पहल गरी चामे गाउँपालिकाले रणदल गुल्म, मनाङमा भण्डारण गरी राखेको डेटोनेटर ८० वटा, जिलेटिन ८० के.जी. र वायर २५० मीटर प्रयोग गरी सदरमुकाम सम्म आउने बाटो सन्चालन गरेको हुँदा ढुङ्गा विष्फोटन गर्ने क्रममा लागेको खर्च चामे गाउँपालिका विपद् व्यवस्थापन कोष बाट खर्च हुने गरी खर्च समर्थन गर्ने निर्णय गरियो ।

३. चामे गाउँपालिकाले गर्ने विकास निर्माणका कार्यहरु गर्न नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय अनुसार स्वीकृत ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ३ को उपदफा २ मा व्यवस्था भए अनुसार चामे गाउँपालिकाले त्यता साधारण खानीजन्य पदार्थको उत्खनन्, सङ्कलन तथा विक्री वितरणको आवश्यक व्यवस्था गर्ने निर्णय गरियो ।

४. पुन वितरित दरवन्दी अनुसार दरवन्दीमा सुरक्षित रहने शिक्षकहरुले आफ्नो माग अनुसारको विद्यालय/स्थानीय तहवाट सहमती पत्र ल्याएमा यस गाउँपालिकाले निज शिक्षकलाई सहमती प्रदान गर्ने निर्णय गरियो ।

आज मिति २०७७ साल भाद्र २२ गते चामे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर घलेज्यूको अध्यक्षतामा बसी निम्न उपस्थितिमा देहाय बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | अध्यक्ष | - | श्री लोकेन्द्रबहादुर घले |
| २. | उपाध्यक्ष | - | श्री मुनिन्द्रजंग गुरुङ |
| ३. | सदस्य | - | श्री आशिष गुरुङ |
| ४. | सदस्य | - | श्री भिमबहादुर गुरुङ |
| ५. | सदस्य | - | श्री राजु लामा |
| ६. | सदस्य | - | श्री लोप्साङ लामा |
| ७. | सदस्य | - | श्री कैले गुरुङ |
| ८. | सदस्य | - | श्री आशकुमारी गुरुङ |
| ९. | सदस्य | - | श्री माईता गुरुङ |
| १०. | सदस्य | - | श्री फूलमाया गुरुङ |
| ११. | सदस्य | - | श्री समिरा गुरुङ |
| १२. | सदस्य | - | श्री बिन घले |
| १३. | सदस्य | - | श्री लक्ष्मी वि.क. |
| १४. | सदस्य सचिव | - | श्री नर बहादुर चन्द |

आमन्त्रीत सदस्यहरु

१. लक्ष्मण गौली, इन्जिनियर, चामे गाउँपालिका
२. नम नारायण मल्ल, लेखा अधिकृत, चामे गाउँपालिका
३. विष्णु प्रसाद अधिकारी, प्रशासन शाखा प्रमुख, चामे गाउँपालिका

प्रस्तावहरु

१. पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी गर्न आयोजना प्रस्ताव माग सम्बन्धमा ।
२. गिट्टि, बालुवा, स्लेट ढुंगा र ढुगांको उत्खनन स्थान छनौट र राजश्व सम्बन्धमा ।
३. चामे गाउँपालिकाको जग्गा यकिन गरी अवस्थाको प्रतिवेदन पेश गर्न समिति गठन गर्ने सम्बन्धमा ।
४. तातोपानी कुण्डको व्यवस्थापन र शुल्क निर्धारण सम्बन्धमा ।
५. मौज्दात आपतकालीन खाध्यान्न बिक्रिको व्यवस्था सम्बन्धमा ।
६. जनप्रतिनिधिहरुलाई गतबर्ष भूक्तानी गर्न बाँकी सेवा सूविधा सम्बन्धमा ।
७. झोलुङ्गे पुल सम्बन्धमा ।
८. लेखा शाखामा न्याक तथा दराज निर्माण सम्बन्धमा ।
९. आधारभूत स्वास्थ्य केन्द्र निर्माणको लागि थप बजेट माग सम्बन्धमा ।
१०. दरबन्दी मिलान हुँदा पुलमा परेका शिक्षकहरुले निवेदन पेश गर्ने सूचना सम्बन्धमा ।
११. पुलमा रहने शिक्षकहरुको तलव भत्ताको व्यवस्था सम्बन्धमा ।

१२. मिसिङ सेल्टर (धर्मशाला निर्माण)
१३. आईसोलेसन वेड निर्माण सम्बन्धमा

निर्णयहरु

१. नेपाल सरकार सस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरवार काठमाडौंको मिति २०७७/०५/०२ गते प्रकाशित सूचना बमोजिम स्थानीय तहको साझेदारी मार्फत पर्यटकीय गन्तव्यहरुको पूर्वाधार विकास गर्न आयोजना तथा कार्यक्रमहरु माग भएको । देशको प्रमुख विदेशी तथा आन्तरिक पर्यटकहरुको गन्तव्य मध्ये एक रहेको मनाङ जिल्ला (अन्नपूर्ण पदमार्ग, तिलिचो ताल) र जिल्ला सदरमुकाम समेत रहेको यस चामे गाउँपालिकामा जिल्ला भित्रको यातायात व्यवस्थापन कार्य गर्नु तत्काल अवश्यकता देखिएको छ । **पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका,** २०७७ नेपाल सरकारबाट स्वीकृत भई सस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरवार काठमाडौंबाट आ.व. ०७७/७८ कार्यक्रमहरुबाट आयोजनाहरुको प्रस्ताव माग भएकोले सो निर्देशिकाको दफा ९ को उपदफा १ अनुसार गाउँपालिकाले व्यहोर्न पर्ने ३० (तिस) प्रतिसत लागत सहभागीता आ.ब. ०७७/७८ मा चामे गाउँपालिकाको सातौ गाउँसभाबाट विनियोजन भएका योजनाहरु मध्येको गौरवको आयोजना चामे बसपार्क निर्माण कार्यक्रममा रकम रु. एक करोडबाट बजेट विनियोजित भएको। उक्त गौरवको आयोजनाको रुपमा रहेको चामे बसपार्क गत वर्षनै जग्गा खरिद गरी बसपार्क निर्माणको पूर्वाधार समेत तयार भई विस्तृत आयोजना प्रतिवेदन (DPR) रु. ६ करोड छयासी लाख पचहत्तर हजार तिन सय छत्तिस र पैसा एक्काईस को समेत तयार गरिसकिएको हुँदा निर्देशिकाको अनुसूची १ भरी सस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरवार काठमाडौं संग आवश्यक कागजातहरु सहित **बसपार्क निर्माण आयोजना माग गर्ने निर्णय गरियो ।**

२. प्रदेश सरकार गण्डकी प्रदेश सभा बाट स्वीकृत **प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यन्वयन गर्न बनेको ऐन, २०७७** को अनुसूची ६ अनुसारको राजश्व शुल्क उठाउने र नेपाल सरकार बाट स्वीकृत ढुङ्गा, गिट्टी, वालुवा **उत्खनन् विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,** २०७७ बमोजिम थप कारवाही अगाडी बढाउन स्थानीय तह राजश्व परामर्श समितिले तोकेको स्थान र दिएको अन्य सूझावका आधारमा प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

३. आ.ब. २०७६/७७ को चामे गाउँपालिका कार्यालयको जिन्सी निरिक्षण टोलीले मिति २०७७/०५/१० पेश गरेको जिन्सी निरिक्षण प्रतिवेदनको वुदा क अनुसार कार्यालयको श्रेष्ता कायम रहेको जम्मा ४६ रोपनी २ आना २ पैसा ० दाम जग्गा मध्ये साविक चामे गा.वि.स. को नाउँमा रहेको करिव ३४ रोपनी जग्गाको हालको वास्तविक अवस्था एकिन नहूनुको साथै सो जग्गाको उचित संरक्षण नरहेको हूँदा पालिकाको सम्पत्तीको रुपमा रहेको उक्त जग्गा नापी कार्यालय र मालपोत कार्यालय, मनाङको सहकार्यमा एकिन गरि सिमाना छुट्टयाई जग्गाको हालको अवस्थिति एकिन गरी सिमाङ्कन गर्न देहाय बमोजिम पालिकाको जग्गा यकिन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

१. संयोजक श्री लोप्साङ लामा - वडा अध्यक्ष, चामे गाउँपालिका-४
२. सदस्य श्री लक्ष्मी वि.क. - कार्यपालिका सदस्य, चामे गाउँपालिका
३. सदस्य श्री लक्ष्मण गौली - इन्जिनियर ,चामे गाउँ कार्यपालिकाको कार्यालय
४. सदस्य श्री विष्णु प्रसाद अधिकारी - खरिदार, चामे गाउँ कार्यपालिकाको कार्यालय
५. सदस्य सचिव श्री लिल बहादुर गुरुङ - सहायक चौथो, चामे गाउँ कार्यपालिकाको कार्यालय

४. चामे गाउँपालिकाको प्रकृतिक सम्पदाको रुपमा रहेको तातोपानी कुण्ड उचित संरक्षण, सम्वर्धन र व्यवस्थापन कार्यका लागि संचालन गर्न मिति २०७७/०३/३० गतेको गाउँ कार्यपालिकाको बैठकबाट भएको निर्णयानुसार तोकिएको सेवा शुल्क अत्यन्त न्यून हुनुका साथै तातोपानी कुण्डको उचित संरक्षण र व्यवस्थापन गर्न आवश्यक जनशक्तिको लागि पारिश्रमिक र आवश्यक भौतिक सामग्रीको व्यवस्थापन गर्न तातोपानी सेवाशुल्क बापत निम्नानुसार शुल्क तोक्ने निर्णय गरियो ।

तपसिल

- स्थानीय तहभित्रका बासिन्दा, कर्मचारी र विद्यार्थीहरुको लागि रु. २० प्रति घण्टा
- अन्य नेपाली नागरिकहरुको लागि रु. ५० प्रति घण्टा
- विदेशी नागरिकहरुको लागि रु. १०० प्रति घण्टा

५. चामे गाउँपालिकाको बासिन्दाको लागि विश्वव्यापी महामारी कोरोना भाईरसका कारण हुन सक्ने खाध्यान्न संकटबाट स्थानीयहरुको लागि सुविधाजनक खाध्यान्न उपलब्धताको लागि गत आ.ब.मा आपतकालीन खाध्यान्न खरिद गरि पालिकामा भण्डारण गरिएकोमा उक्त खाध्यान्न धेरै समय भण्डारण गरी राख्दा नोक्सान हुन सक्ने भएकाले र दशैं लगायतका चाडपर्वहरु नजिकै आएकाले स्थानीय जनताहरुको खाध्यान्न राहतका लागि ढुवानी अनुदान दिई सम्बन्धी वडाको लगत सिफारिसको आधारमा उचित व्यवस्थापनका साथ बिक्रि वितरण गर्न कार्यालयका जिन्सी शाखा प्रमुख श्री लिल बहादुर गुरुङलाई जिम्मा दिने निर्णय गरियो ।

निम्न

१। चामल जिरा मसिनो प्रति बोरा रु. -१६७५।-
२। चामल सावा मन्सुली प्रति बोरा रु. ११६५।-
३। दाल मुसुरो प्रति बोरा/के.जी. रु. १३०।-
४। सूर्यमूखी तेल प्रति लिटर रु. १३०।-
५। भट्टमासको तेल प्रति लिटर रु. १८०।-

६. गण्डकी प्रदेश सभाबाट मिति २०७७।०३।२६ मा गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पा सविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ पारित भएकोले आ.ब. ०७६।७७ मा सुविधा दिन बाँकी रहे २०७६ कार्तिक महिना देखि २०७७ असार मसान्त सम्मको मासिक सुविधा बापतको भूक्तानी दिन बाँकी रकम एक रु. ३५,८२,०००। एम.आई.एस. अपरेटर र सहायकको लागि भूक्तान दिन बाँकी रकम रु. २४,३६०। भूक्तानी अनुमोदन गर्ने निर्णय गरियो ।

७. गण्डकी प्रदेश सरकारको आ.ब. २०७७/७८ को नीति तथा कार्यक्रम र गण्डकी प्रदेशको झोलुङ्गे पुल निर्माण बमोजिम साथै भौतिक पूर्वाधार मन्त्रालय, गण्डकी प्रदेशको मिति २०७७/०५/०२ को पत्रानुसार चामे गाउँपालिका तपसिलका स्थानहरुमा झोलुङ्गे पुलको आवश्यकता भएको हुँदा पूर्वाधार विकास कार्यालय, मनाङ मार्फत भौतिक पूर्वा मन्त्रालय, गण्डकी प्रदेशसंग माग गर्ने निर्णय गरियो ।

- चार्चे झोलुङ्गे पुल, चामे-१, तिमाङ
- लाटामराङ पारी तातोपानी जाने झोलुङ्गे पुल, चामे-१
- माडा झोलुङ्गे पुल, चामे-४, स्याउबारी
- सिङगर झोलुङ्गे पुल, चामे-४
- चामे माडा पाल्तुङ फाँट झोलुङ्गे पुल, चामे-५, चामे

८. चामे गाउँपालिकाको आ.ब. ०७७/७८ मा विनियोजन भएको ब.शि.नं. ३११२३ फर्निचर तथा फिक्चर्स शि विनियोजन भएको रु. १५ लाख मध्ये हाल कार्यालयको लेखा शाखामा रहेका महत्वपूर्ण श्रेष्ताहरुको उचित संरक्ष अविलम्ब प्लाइउडको फाइल र्‍याक र फिक्स दराज निर्माण गर्नु पर्ने भएकाले उक्त रकम मध्येबाट आवश्यक सर र निर्माण ज्यालाको लागि खर्च हुने करिब रु. १ लाख ३० हजार खर्च गर्न अनुमति दिने निर्णय गरियो ।

९. नेपाल सरकारको आ.ब. ०७५/७६को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा स्थानीय तह संगको लागत सहभाग २ बर्ष भित्र सबै वडास्तरमा न्यूनतम् १ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण गर्ने कार्यक्रम अनुसार य गाउँपालिकालाई अर्थ मन्त्रालय मार्फत सशर्त अनुदान वितिय अनुदान हस्तान्तरण अन्तर्गत गत आ.ब. ०७६/७ ३५ प्रतिशतका दरले प्राप्त हुन आएको बजेट अनुसार वडा नं. -१ तिमाङ स्थित तिमाङ हेल्थ केयर र वडा नं कोतोमा कोतो हेल्थ केयर सेन्टरको निर्माण कार्यको लागि विद्युतिय बोलपत्रको माध्यम बाट निर्माण प्रकृया आरम्भ

तिमाङ हेल्थ केयर सेन्टर निर्माणको लागि श्री ग्याल्सुम्दो कन्सट्रक्सन संग रु. २५,०१,५८४.२८ सम्झौता भई निर्माण कार्यको करिव २० प्रतिशत भौतिक प्रगती भई रु. ५ लाख खर्च भएको र उक्त योजना यसै वर्ष सम्पन्न गर्न बाकी रकम रु. २०,०१,५८४.२८ र कोतो हेल्थ केयर सेन्टर निर्माणको लागि श्री ग्याल्सुम्दो कन्सट्रक्सन संग रु. ३७,४९,७८७.८७ सम्झौता भई निर्माण कार्यको करिव ७५ प्रतिशत भौतिक प्रगती भई रु. १६,३३,७७०.८७ लाख खर्च भएकोमा सम्झौता बमोजिम भूक्तानी गर्न अपुग रु. २१,१६,०१७/- समेत गरी उक्त कार्य कोभिड-१९ को कारण आ.व. ०७६/७७ मा सम्पन्न हुन नसकी बाकी रकम फ्रिज भएकोले यसै वर्ष कार्य सम्पन्न भई भुक्तानी गर्न बाँकी जम्मा रकम रु. ४१,१७,६०१.२८ रकम स्वास्थ्य तथा जनसंख्या मन्त्रालय नीति तथा योजना शाखामा बजेट निकाशाको लागि माग गर्ने निर्णय गरियो ।

१०. दरवन्दी मिलान सम्वन्धि सूचना बमोजिम यस चामे गाउँपालिका भित्रका शिक्षकहरु दरवन्दीमा परेका तर पुलमा बस्न चाहने कोही शिक्षक भए चामे गाउँपालिका शिक्षा शाखामा निवेदन पेश गर्न ७ दिनको सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

११. प्रथम चौमासिक निकाशा नजिकिदाँ पुलमा रहने शिक्षकहरुको तलव भत्ताको व्यवस्था यस गाउँपालिकामा व्यवस्था नभएको हुँदा संघीय निकायबाट पुलमा रहेका शिक्षकहरुको तलव भत्ता माग गर्न सम्वन्धित निकायमा माग गर्न पहल गर्ने निर्णय गरियो ।

१२. गण्डकी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको कार्यक्रम अनुसार प्रदेश सरकार र स्थानीय तह बिचको साझेदारी क्रमश ७० र ३० प्रतिशतका दरले एक स्थानीय तहमा विपद्का समयमा सुरक्षित अवस्थामा रहन विपद् पूर्वतयारीका लागि मिसिङ सेन्टर निर्माण गर्ने कार्यक्रम अनुसार यस चामे गाउँपालिकाको कजिनसारा हाईक्याम्पमा उक्त मिसिङ सेन्टर (धर्मशाला) निर्माण कार्यको लागि ल.ई. रु. २२ लाख मध्ये आर्थिक मामिला तथा योजना मन्त्रालयबाट १५ लाख र नेपाल सरकार समानीकरण अनुदान गाउँपालिकाको समपूरक कोष बाट रु. ७ लाख खर्च हुने गरी संयूक्त लगानीबाट उक्त मिसिङ सेन्टर (धर्मशाला) निर्माण गर्न सम्वन्धित वडा कार्यालयलाई जिम्मा दिने निर्णय गरियो ।

१३. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरसका कारण हाम्रो मनाङ जिल्ला समेत प्रभावित भएको हुँदा सो को पूर्वतयारी र नियन्त्रणको लागि जिल्ला कोरोना संक्रमण व्यवस्थापन समितिको निर्णय अनुसार चामे सदरमूकाममा रहेको खेलकुद कभर्ड हललाई पि सि आर टेस्ट गरी पोजेटिभ देखिएकाहरुलाई उपचार कक्ष निर्माण गर्ने निर्णय अनुसार चामे गाउँपालिकाको कोरोना कोष मार्फत खर्च व्यवस्थापन गर्ने गरी सुविधा सम्पन्न १२ वेडको आईसोलेसन निर्माण गर्ने कार्यको लागि तयार भएको रु. १५ लाख रकमबाट उक्त आईसोलेसन निर्माणको लागि चामे गाउँपालिका वडा नं. ४ का वडाअध्यक्ष श्री लोप्साङ लामालाई जिम्मा दिने निर्णय गरियो।

१४. तातोपानी कुण्ड (संरक्षण तथा व्यवस्थापन) कार्यविधी, २०७६ को दफा ५ को बुदाँ नं. ३ बमोजिम तातोपानी संरक्षण तथा व्यवस्थापन समिति सदस्यमा चामे आमा समूह अध्यक्ष र चामे यूवा क्लबका अध्यक्षलाई मनोनित गर्ने निर्णय गरियो ।

निर्णय हेरी प्रमाणित

आज मिति २०७७ साल असोज २९ गते चामे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर घलेज्यूको अध्यक्षतामा बसी निम्न उपस्थितिमा देहाय बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | अध्यक्ष | - | श्री लोकेन्द्रबहादुर घले |
| २. | उपाध्यक्ष | - | श्री मुनिन्द्रजंग गुरुङ |
| ३. | सदस्य | - | श्री आशिष गुरुङ |
| ४. | सदस्य | - | श्री भिमबहादुर गुरुङ |
| ५. | सदस्य | - | श्री राजु लामा |
| ६. | सदस्य | - | श्री लोप्साङ लामा |
| ७. | सदस्य | - | श्री कैले गुरुङ |
| ८. | सदस्य | - | श्री आशकुमारी गुरुङ |
| ९. | सदस्य | - | श्री माईता गुरुङ |
| १०. | सदस्य | - | श्री फूलमाया गुरुङ |
| ११. | सदस्य | - | श्री समिरा गुरुङ |
| १२. | सदस्य | - | श्री बिन घले |
| १३. | सदस्य | - | श्री लक्ष्मी वि.क. |
| १४. | सदस्य सचिव | - | श्री नर बहादुर चन्द |

आमन्त्रीत सदस्यहरु

१. लक्ष्मण गौली, इन्जिनियर, चामे गाउँपालिका
२. नम नारायण मल्ल, लेखा अधिकृत, चामे गाउँपालिका
३. दिपेन्द्र गोदार, सूचना प्रविधि अधिकृत, चामे गाउँपालिका
४. डा प्रतिमा गौली

प्रस्तावहरु

१. कार्यालय भवनको सटर भाडा सम्वन्धमा ।
२. वडा नं. ४ को कार्यालय भवन र कार्यालय प्रमुखको आवास भाडामा लिने सम्वन्धमा ।
३. योजना सझौता अनुमोदन सम्वन्धमा ।
४. निर्माण व्यवसायी "घ" वर्गको इजाजत सम्वन्धमा ।
५. कौतो आधारभुत स्वास्थ्य केन्द्रको निर्माण संरचना परिवर्तन सम्वन्धमा ।
६. शित भण्डार निर्माणको जग्गा स्विकृत सम्वन्धमा ।
७. जिल्ला अस्पतालमा प्राविधिक जनशक्ति व्यवस्थापन सम्वन्धमा ।
८. बैठक भत्ता सम्वन्धमा ।
९. कर्मचारी सम्मान/प्रोत्साहन सम्वन्धमा ।
१०. शुभकामना सम्वन्धमा।

निर्णय प्रमाणित

निर्णयहरु

१. चामे गाउँ कार्यपालिकाको मिति २०७५।११।२७ गतेको निर्णय अनुसार कार्यालय प्रशासकीय भवनको भुई तल्ला सटर भाडामा दिने सम्बन्धमा मिति २०७६।०२।१९ गतेको मुल्याङ्कन समितिको निर्णय अनुसार बढी कबोलका आधारमा सटर नं.१ का लागि शुष्मा गुरुङको कबोल अंक वार्षिक रु.८०,१००।– तथा सटर नं. २ बेद बहादुर गुरुङको कबोल अंक बार्षिक रु.६०,५००।– भई कार्यालय बाट मिति २०७६।०४।०१ गते सम्झौता भएकोमा उक्त सम्झौता अवधी २०७७ आषाढ मसान्तमा समाप्त भएकोमा साविकमा भएको सटर भाडामा लिने/दिने सम्बन्धी सम्झौताहरुको अधिनमा रहि उक्त सटर भाडामा दिन मिति २०७७।०४।०१ देखि लागु हुने गरी सम्झौता नविकरणको लागि मिति २०७७।०६।२५ गते निवेदकहरु शुष्मा गुरुङ र बेद बहादुर गुरुङले निवेदन पेश गरेको हुदाँ साविकमा भएको सटर भाडा सम्बन्धी सर्तहरुको अधिनमा रहि मिति २०७७।०४।०१ देखि मिति २०७८ अषाढ मसान्त सम्म १ वर्षको लागि सटर भाडामा दिने गरी भाडा सम्झौता नविकरण गर्ने निर्णय गरीयो ।

२. कार्यालयको वडा नं. ४ कार्यालय भवन संचालनको लागि भाडामा लिने सम्बन्धमा मिति २०७४।०२।२५ गते तात्कालिन प्र.जि.अ. श्री कमल राज भण्डारीको अध्यक्षतामा बसेको घर भाडा निर्धारण समितिको बैठकको निर्णयले घटि अंक रु.१,२०,०००।– (कर समेत) बार्षिक कबोल गर्ने चामे गा.पा. वडा नं. ४, श्री नुर्पु छिरिङ लामाको कित्ता नं.३०८ बनेको घर हाल सम्म उक्त दरमा कार्यालयको वडा कार्यालय संचालन रहेकोमा, उक्त घरको घर भाडा सम्झौता अवधी मिति २०७७ आषाढ मसान्तमा समाप्त भएको साथै चामे गा.पा को कार्यालय प्रमुखको आवास तथा स्टोर प्रयोजनको लागि मिति २०७५।०४।१३ गते तात्कालिन प्र.प्र.अ. श्री युवराज अधिकारीको अध्यक्षतामा बसेको खरीद ईकाइ समितिको बैठकको निर्णयले घटि अंक रु.२,४०,०००।– (कर समेत) बार्षिक कबोल गर्ने चामे गा.पा. साविक वडा नं. ३ हाल वडा नं. ४, श्री इन्द्र कुमारी श्रेष्ठको कित्ता नं.३११ बनेको घर हाल सम्म उक्त दरमा कार्यालय प्रमुखको आवास तथा स्टोर प्रयोजन हुदै आएकोमा उक्त घर भाडा सम्झौता अवधी मिति २०७७ आषाढ मसान्तमा समाप्त भएको हुदाँ मिति २०७७।०५।१२ गते घर धनि श्री नुर्पु छिरिङ लामा र इन्द्र कुमारी श्रेष्ठले विगत २ वर्ष देखी घर भाडा बृद्धि नभएको कारण जनाई १० प्रतिशतका दरले घर भाडा वृद्धिको निवेदन पेश भएकोमा निजहरुको माग बमोजिम घर भाडा वृद्धि सहित घर भाडा सम्बन्धी साविकमा भएका सर्तहरुको अधिनमा रहि मिति २०७७।०४।०१ देखि मिति २०७८ आषाढ मसान्त सम्म घर भाडामा लिने गरी घर भाडा सम्झौता नविकरण गर्ने निर्णय गरीयो ।

३. चालु आ.व. ०७७।०७८ मा ठेक्का सम्झौता भएका निम्न विकास निर्माणका आयोजनाहरुलाई तोकिएको समयमा कार्य सम्पन्न हुने गरी गरीएको सम्झौता र ठेक्का अंकलाई अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स. | योजनाको नाम | स्थान | लागत इष्टमेट | व्यावसायीको नाम | कबोल अंक(भ्याट सहित) |
|---|---|---|---|---|---|
| १. | गाउँपालिका भवन पछाडी स्टोर भवन निर्माण | चामे | रु.६७७८७९६.३१।- | श्री के.बि. गुरुङ कन्स्ट्रक्सन प्रा.लि. | रु. ४१,३९,९२८.७०।- |
| २. | चामे सिंगर (कजिनसारा) ताल पदमार्ग एवम् धर्मशाला निर्माण आयोजना | कजिनसारा | रु.६४१३५४९.५८।- | श्री के.बि. गुरुङ कन्स्ट्रक्सन प्रा.लि. | रु.४३,४७,४४०.१२।- |
| ३. | सवारी साधन खरिद | कार्यालय | रु.६००००००।- | श्री बतास ब्रदर्स प्रा.ली. | रु.५३,९७,५००।- |

४. श्री मनाङ कन्ट्रक्सन एण्ड सप्लार्यस प्रा.ली. (स्थाई लेखा नं. ६०३५२५८१०) ले चामे गाउँपालिकामा "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्रको लागि मिति २०७७।०४।०६ गते निवेदन पेश गर्नु भएकोमा सो सम्बन्धमा

इजाजतको लागि चामे गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधी,२०७५ को दफा २ अनुसार अनुसूचि १ बमोजिम पर्न आएको दरखास्त (निवेदन) अनुसार अनुसूचि ५ बमोजिम आवश्यक अध्ययन गरी मिति २०७७।०६।०९ गते ईन्जिनियर श्री लक्ष्मण गौलीले प्रतिवेदन पेश गर्नु भएको प्रतिवेदनमा योग्य ठहरीएको व्यहोरा सिफारीस गर्नुभएको हुनाले सोहि दफाको उपदफा ३ बमोजिम निर्माण व्यवसायी इजाजत प्रदानको लागि पेश भएकोमा सोहि दफाको उपदफा ४ बमोजिम उक्त श्री मनाङ कन्ट्रक्सन एण्ड सप्लार्यस प्रा.ली. (स्थाई लेखा नं. ६०३५२५८१०) योग्य ठहरिएकाले नियमानुसार इजाजत प्रदानको लागि प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरीयो ।

५. चामे गा.पा. अन्तर्गत गत आ.व. मा स्विकृत कार्यक्रम अनुसार श्री ग्याल्सुम्डो कन्स्ट्रक्सन एण्ड सप्लायर्स कम्पनी सँग सम्झौता भई क्रमागत रुपमा निर्माणधिन रहेको कोतो आधारभुत स्वास्थ्य केन्द्रको साविकमा स्विकृत रहेको ट्रस छाना निर्माण गर्ने कार्यमा लाग्ने लागत परिवर्तन नहुने गरी कार्यालयको आवश्यकता तथा औचित्यका आधारमा ट्रस छाना परिवर्तन गरी पक्कि ढलान, पिल्लर समेत निर्माण गर्ने गरी संरचना परिवर्तन गर्ने निर्णय गरीयो ।

६. चामे गा.पा.को आ.व.०७७।०७८ को स्विकृत कार्यक्रम अनुसार वडा नं.१ स्यार्कुमा शित भण्डार निर्माणको लागि जग्गा खरिद सम्बन्धी मिति २०७७।०४।३० गतेको सूचना अनुसार पर्न आएका बोलपत्रहरु मध्ये चामे गाउँपालिकाको घर तथा जग्गा प्राप्ति समितिको मिति २०७७।०६।१६ को निर्णय नं. ३ अनुसार चामे गाउँपालिकाको घर जग्गा प्राप्ति तथा मुअब्जा वितरण कार्यविधी २०७७ बमोजिम आवश्यक प्रकिया पुरा गरी स्यार्कुमा शित भण्डार निर्माणको लागि जग्गा रित पुर्वक ठहरीएको शिलबन्धी बोलपत्र दाता श्री खुसी राम घलेको साविक चामे गा.पा. वडा नं. १ को कित्ता नं. १५२ को जग्गा कार्यालको माग बमोजिम रित पुर्वक ठहरिनुका साथै कबोल अंक रु.११,५५,०००।– (प्रति रोपनी) स्विकृत दर भन्दा कम हुनुका साथै समिति बाट निर्धारण भए बमोजिम १८ मिटरको अगाडिको मोहडा मध्ये ९ मिटर बाटो कायम गरी भित्रि जग्गा मापदण्ड बमोजिम हुने गरी जग्गाको मोहडा कम्तिमा २० मिटर कायम हुने गरी कार्यालयको आवश्यकता अनुसार २ रोपनी जग्गा बिक्री गर्न निज निवेदक सहमत भएको व्यहोराको कार्यालयमा मिति २०७७।०६।२५ गते ट्रेस नक्शा सहित निवेदन पेश गरेको हुँदा उक्त जग्गा स्यार्कु शित भण्डार निर्माणको लागि रित पुर्वकका साथै मापदण्ड अनुसार रहेकाले नियम अनुसार खरिद गर्ने निर्णय गरीयो ।

७. मनाङ जिल्ला अस्पतालको मिति २०७७।०६।२३ चं.नं. ५७ अनुसार जिल्लामा प्रयोगशाला र X-ray सेवा तथा सुविधा संचालनको लागि प्राविधिक जनशक्ति व्यवस्थापन गर्न श्रोत साधनको अभाव हुनुको साथै हाल विश्व भरी फैलिएको कोरोना भाईरस (कोभिड-१९) का कारण ल्याव तथा X-ray सेवा तथा सुविधा संचालन गर्ने अति आवश्यक रहेकाले जिल्लाको जनताको सेवा सुविधाको लागि अर्को व्यवस्था नभए सम्म ल्याब असिस्टेन्ट र रेडियो ग्राफर/अनमि सेवा प्रदान गर्ने चामे गाउँपालिकालाई आवश्यक श्रोत सहित व्यवस्थापन गर्न अनुरोध भएकोमा हाल विश्व भरी फैलिएको कोरोना भाईरस (कोभिड-१९) का कारण स्थानीय सरकार रुपमा यस चामे गा.पा.ले जनताको स्वास्थ्य संवेदनशिलतालाई ध्यानमा राखी उक्त ल्याब तथा X-ray सेवा प्रदान गर्न चामे गाउँपालिकाको स्विकृत कार्यालय संगठन संरचना अनुसारको दरबन्दीको परिधी भित्र रहि अर्को व्यवस्था नभए सम्म ल्याव असिस्टेन्ट र रेडियो ग्राफर/अनमि सेवा प्रदान गर्न नियमानुसार जनशक्तिको व्यवस्थापन गर्ने निर्णय गरीयो ।

८. नेपाल सरकारको आ.व. ०७७।०७८ को बार्षिक कार्यक्रम तथा बजेटबाट तोकिएका भत्ता बाहेक अन्य बैठक भत्ता प्रदान नगर्ने निर्णय भएकोमा यस चामे गाउँपालिकाको स्विकृत कार्यालय संगठन संरचना अनुसारको दरबन्दीको संरचना अनुसार स्थायी ३५ जनाको दरबन्दी कायम रहेकोमा हाल स्थायी जनशक्ति ८ जना तथा सेवा करारमा ९ जना गरी जम्मा १७ जना मात्रले स्थानीय सरकारको रुपमा पालिका बासि जनताको सेवा प्रदान गर्न जनशक्तिको कमिको कारण कार्यालयको तोकिएको लक्ष्य पुरा गर्न साँझ बिहान समेत काममा खटिनु पर्ने भएकाले विधयमान जनशक्तिलाई उच्च मनोबलका साथ तोकिएको कार्य गर्न अतिरिक्त समयमा समेत काम गर्नुपर्ने भएकाले आर्थिक प्रोत्साहन गर्न साविकमा दिँदै आएका विभिन्न बैठकका भत्ताहरुलाई निरन्तर्ता दिने निर्णय गरीयो ।

९. मिति २०७७।०६।२५ गतेका दिन चामे गा.पा.का अध्यक्ष श्री लोकेन्द्र बहादुर घले ज्युको अध्यक्षतामा बसेको समितको बैठकको निर्णय अनुसार यस कार्यपालिकामा विगत २ वर्ष देखि प्रशासन शाखाका साथै वडा कार्यालयहरुमा कार्यरत खरिदार श्री विष्णु प्रसाद अधिकारीले आफ्नो कार्य क्षमता, लगनशिलता र ईमान्दारीता साथै जिम्मेवारी बोधि गर्दै

इजाजतको लागि चामे गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधी,२०७५ को दफा २ अनुसार अनुसूचि १ बमोजिम पर्न आएको दरखास्त (निवेदन) अनुसार अनुसूचि ५ बमोजिम आवश्यक अध्ययन गरी मिति २०७७।०६।०९ गते ईन्जिनियर श्री लक्ष्मण गौलीले प्रतिवेदन पेश गर्नु भएको प्रतिवेदनमा योग्य ठहरीएको व्यहोरा सिफारीस गर्नुभएको हुनाले सोहि दफाको उपदफा ३ बमोजिम निर्माण व्यवसायी इजाजत प्रदानको लागि पेश भएकोमा सोहि दफाको उपदफा ४ बमोजिम उक्त श्री मनाङ कन्ट्रक्सन एण्ड सप्लार्यस प्रा.ली. (स्थाई लेखा नं. ६०३५२५८१०) योग्य ठहरिएकाले नियमानुसार इजाजत प्रदानको लागि प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरीयो ।

५. चामे गा.पा. अन्तर्गत गत आ.व. मा स्विकृत कार्यक्रम अनुसार श्री ग्याल्सुम्डो कन्स्ट्रक्सन एण्ड सप्लायर्स कम्पनी सँग सम्झौता भई क्रमागत रुपमा निर्माणधिन रहेको कोतो आधारभुत स्वास्थ्य केन्द्रको साविकमा स्विकृत रहेको ट्रस छाना निर्माण गर्ने कार्यमा लाग्ने लागत परिवर्तन नहुने गरी कार्यालयको आवश्यकता तथा औचित्यका आधारमा ट्रस छाना परिवर्तन गरी पक्कि ढलान, पिल्लर समेत निर्माण गर्ने गरी संरचना परिवर्तन गर्ने निर्णय गरीयो ।

६. चामे गा.पा.को आ.व.०७७।०७८ को स्विकृत कार्यक्रम अनुसार वडा नं.१ स्यार्कुमा शित भण्डार निर्माणको लागि जग्गा खरिद सम्बन्धी मिति २०७७।०४।३० गतेको सूचना अनुसार पर्न आएका बोलपत्रहरु मध्ये चामे गाउँपालिकाको घर तथा जग्गा प्राप्ति समितिको मिति २०७७।०६।१६ को निर्णय नं. ३ अनुसार चामे गाउँपालिकाको घर जग्गा प्राप्ति तथा मुअव्जा वितरण कार्यविधी २०७७ बमोजिम आवश्यक प्रकिया पुरा गरी स्यार्कुमा शित भण्डार निर्माणको लागि जग्गा रित पुर्वक ठहरीएको शिलबन्धी बोलपत्र दाता श्री खुसी राम घलेको साविक चामे गा.पा. वडा नं. १ को कित्ता नं. १५२ को जग्गा कार्यालको माग वमोजिम रित पुर्वक ठहरिनुका साथै कबोल अंक रु.११,५५,०००।– (प्रति रोपनी) स्विकृत दर भन्दा कम हुनुका साथै समिति बाट निर्धारण भए बमोजिम १८ मिटरको अगाडिको मोहडा मध्ये ९ मिटर बाटो कायम गरी भित्रि जग्गा मापदण्ड बमोजिम हुने गरी जग्गाको मोहडा कम्तिमा २० मिटर कायम हुने गरी कार्यालयको आवश्यकता अनुसार २ रोपनी जग्गा बिक्री गर्न निज निवेदक सहमत भएको व्यहोराको कार्यालयमा मिति २०७७।०६।२५ गते ट्रेस नक्शा सहित निवेदन पेश गरेको हुँदा उक्त जग्गा स्यार्कु शित भण्डार निर्माणको लागि रित पुर्वकका साथै मापदण्ड अनुसार रहेकाले नियम अनुसार खरिद गर्ने निर्णय गरीयो ।

७. मनाङ जिल्ला अस्पतालको मिति २०७७।०६।२३ चं.नं. ५७ अनुसार जिल्लामा प्रयोगशाला र X-ray सेवा तथा सुविधा संचालनको लागि प्राविधिक जनशक्ति व्यवस्थापन गर्न श्रोत साधनको अभाव हुनुको साथै हाल विश्व भरी फैलिएको कोरोना भाईरस (कोभिड-१९) का कारण ल्याव तथा X-ray सेवा तथा सुविधा संचालन गर्ने अति आवश्यक रहेकाले जिल्लाकै जनताको सेवा सुविधाको लागि अर्को व्यवस्था नभए सम्म ल्याव असिस्टेन्ट र रेडियो ग्राफर/अनमि सेवा प्रदान गर्ने चामे गाउँपालिकालाई आवश्यक श्रोत सहित व्यवस्थापन गर्न अनुरोध भएकोमा हाल विश्व भरी फैलिएको कोरोना भाईरस (कोभिड-१९) का कारण स्थानीय सरकार रुपमा यस चामे गा.पा.ले जनताको स्वास्थ्य संवेदनशिलतालाई ध्यानमा राखी उक्त ल्याव तथा X-ray सेवा प्रदान गर्न चामे गाउँपालिकाको स्विकृत कार्यालय संगठन संरचना अनुसारको दरबन्दीको परिधी भित्र रहि अर्को व्यवस्था नभए सम्म ल्याव असिस्टेन्ट र रेडियो ग्राफर/अनमि सेवा प्रदान गर्न नियमानुसार जनशक्तिको व्यवस्थापन गर्ने निर्णय गरीयो ।

८. नेपाल सरकारको आ.व. ०७७।०७८ को वार्षिक कार्यक्रम तथा बजेटबाट तोकिएका भत्ता बाहेक अन्य बैठक भत्ता प्रदान नगर्ने निर्णय भएकोमा यस चामे गाउँपालिकाको स्विकृत कार्यालय संगठन संरचना अनुसारको दरबन्दीको संरचना अनुसार स्थायी ३५ जनाको दरबन्दी कायम रहेकोमा हाल स्थायी जनशक्ति ८ जना तथा सेवा करारमा ९ जना गरी जम्मा १७ जना मात्रले स्थानीय सरकारको रुपमा पालिका बासि जनताको सेवा प्रदान गर्न जनशक्तिको कमिको कारण कार्यालयको तोकिएको लक्ष्य पुरा गर्न साँझ बिहान समेत काममा खटिनु पर्ने भएकाले विधयमान जनशक्तिलाई उच्च मनोबलका साथ तोकिएको कार्य गर्न अतिरिक्त समयमा समेत काम गर्नुपर्ने भएकाले आर्थिक प्रोत्साहन गर्न साविकमा दिई आएका बिभिन्न बैठकका भत्ताहरुलाई निरन्तर्ता दिने निर्णय गरीयो ।

९. मिति २०७७।०६।२५ गतेका दिन चामे गा.पा.का अध्यक्ष श्री लोकेन्द्र बहादुर घले ज्युको अध्यक्षतामा बसेको समितको बैठकको निर्णय अनुसार यस कार्यपालिकामा विगत २ वर्ष देखि प्रशासन शाखाका साथै वडा कार्यालयहरुमा कार्यरत खरिदार श्री विष्णु प्रसाद अधिकारीले आफ्नो कार्य क्षमता, लगनशिलता र ईमान्दारीता साथै जिम्मेवारी बोधी गर्दै

कार्यालयलाई प्रदान गर्नु भएको सेवाको उच्च मुल्याङ्कन गर्दै सम्मान स्वरुप रु.३००५ ।— नगद सहित सम्मान पत्र प्रदान गर्ने निर्णयलाई अनुमोदन गर्ने निर्णय गरीयो ।

१०.नेपालीहरुको महानचाड २०७७ को शुभ विजयादशमी, दिपावली तथा छठ पर्वको उपलक्ष्यमा चामे गाउँपालिवासी जनता, सम्पुर्ण जनप्रतिनिधिहरुका साथै पालिकामा कार्यरत सम्पुर्ण कर्मचारीहरुको व्यक्तिगतका साथै परिवारीक सु-स्वास्थ्य, दिर्घायु तथा उत्तरोउत्तर प्रगतिको मंगलमय शुभकामनाका साथै हाल विश्व भरी फैलिएको कोरोना भाईरस (कोभिड-१९) बाट सुरक्षित रहि स्वास्थ्यका उपायहरु अपनाई पर्वहरुमा मनाउन समेत अनुरोध गर्दै शुभकामना प्रस्ताव पारित गरियो ।

निर्णय पुस्तिका

आज मिति २०७७ साल मंसीर २९ गते चामे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर घलेज्यूको अध्यक्षतामा बसी निम्न उपस्थितिमा देहाय बमोजिमको निर्णयहरु गरियो ।

**उपस्थिति**

| | | | |
|---|---|---|---|
| १. | अध्यक्ष | - | श्री लोकेन्द्रबहादुर घले |
| २. | उपाध्यक्ष | - | श्री मुनिन्द्रजंग गुरुङ |
| ३. | सदस्य | - | श्री आशिष गुरुङ |
| ४. | सदस्य | - | श्री भिमवहादुर गुरुङ |
| ५. | सदस्य | - | श्री राजु लामा |
| ६. | सदस्य | - | श्री लोप्साङ लामा |
| ७. | सदस्य | - | श्री कैले गुरुङ |
| ८. | सदस्य | - | श्री आशकुमारी गुरुङ |
| ९. | सदस्य | - | श्री माईता गुरुङ |
| १०. | सदस्य | - | श्री फूलमाया गुरुङ |
| ११. | सदस्य | - | श्री समिरा गुरुङ |
| १२. | सदस्य | - | श्री विन घले |
| १३. | सदस्य | - | श्री लक्ष्मी वि.क. |
| १४. | सदस्य सचिव | - | श्री नर बहादुर चन्द |

**आमन्त्रीत सदस्यहरु**

१. लक्ष्मण गौली, इन्जिनियर, चामे गाउँपालिका
२. नम नारायण मल्ल, लेखा अधिकृत, चामे गाउँपालिका
३. दिपेन्द्र गोदार, सूचना प्रविधि अधिकृत, चामे गाउँपालिका
४. शर्मिला गुरुङ - के.अ. चामे गा.पा.

**प्रस्तावहरु**

१. आ.व.०७७।०७८ मा संचालित योजनाहरुको रकम भुक्तानी सम्वन्धमा ।
२. शसर्त अनुदान (स्वास्थ्य तर्फ) रकमको बजेट विनियोजन सम्बन्धमा ।
३. कोतो र तिमाङ स्थित आधारभुत स्वास्थ्य केन्द्रको थप रकम निकासा लागि सम्बन्धमा ।
४. स्यार्कू स्थित शित भण्डार निर्माणको लागि खरिद भएको जग्गाको रकम अनुमोदन सम्बन्धमा ।

५. लघु उद्यम विकास कार्याक्रम (मेडपा) संचालन वजेट तथा उद्यम विकास सहजकर्ता सेवा करार नियुक्तिको अनुमोदन सम्वन्धमा ।

६. संघीय संसद विकास कोष अन्तर्गत संचालन हुने कृषकको लागि अनुदानमा स्याउ तथा ओखरको विरुवा वितरण सम्वन्धमा ।

७. पालिकाको वा.१ झ. ३९२८ नम्वरको पजेरो जिपको मर्मत सम्भार रकम अनुमोदन सम्वन्धमा।

८. औद्योगिक ग्राम निर्माणको लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) र प्रारम्भिक वातावरणिय परिक्षण(IEE) प्रतिवेदन तयार गर्न बजेट विनियोजन गर्ने सम्वन्धमा ।

९. मौजदात खाद्यान्न वितरण सम्वन्धमा ।

<u>निर्णयहरु</u>

१. गत आ.व.०७६।०७७ र चालु आ.व. ०७७।०७८ मा ठेक्का सम्झौता भई निर्माणधीन रहेका तथा कार्य सम्पन्न भएका निम्न विकास निर्माणका योजनाहरुको हाल सम्म भएको निर्माण कार्यको प्राविधीक वाट नापजाँच गरी निर्माण भएको कामको प्रगतिको आधारमा निम्न अनुसारको रनिङ विल तथा अन्तिम बिल वापतको रकम नियमानुसार भुक्तानी गर्न गाउँकार्यपालिकाको कार्यालयलाई स्वीकृत दिने निर्णय गरियो ।

<u>तपशिल</u>

| क्र.स. | योजनाको नाम | स्थान | लागत इष्टमेट | व्यावसायीको नाम | कवोल अंक(व्याट सहिन) | भुक्तानी वापतको रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | गाउँपालिका भवन पछाडी स्टोर भवन निर्माण | चामे | रु.६७७८७९६.३१।- | श्री के.वि. गुरुङ कन्स्ट्रक्सन प्रा.लि. | रु. ४१,३९,९२८.७०।- | रु.५,७४,९६८।- | प्रथम रनिङ विल वापत |
| २. | चामे सिंगर (कजिनसारा) ताल पदमार्ग एवम् धर्मशाला निर्माण आयोजना | कजिनसारा | रु.६४१३५४९.५८।- | श्री के.वि. गुरुङ कन्स्ट्रक्सन प्रा.लि. | रु.४३,४७,४४०.१२।- | रु.४३,१६,९३३।- | अन्तिम विल भुक्तानी |
| ३. | सवारी साधन जिप खरिद (स्कारपियो) | कार्यालय | रु.६००००००।- | श्री वतास ब्रदर्स प्रा.ली. | रु.५३,९७,५००।- | रु.५३,९७,५००।- | अन्तिम विल भुक्तानी |
| ४ | चामे वहुउदेश्य भवन (सिटि हल) | नमस्ते गेट | रु.३६०६७६४७.९८।- | पराजुली कन्स्ट्रकसन प्रा.लि | रु.२,७७,०३,३७२.२५।- | रु.६२,८२,४३३।- | प्रथम रनिङ विल वापत |

निर्णय प्रमाणित

२. यस चामे गाँउपालिकाको आ.व.०७७।०७८ मा शसर्त अनुदान अन्तर्गत स्थानीय तहको स्वास्थ्य चौकी ,प्रा.स्वा.के. र अस्पतालहरुमा कार्यरत कर्मचारीहरुको तलब, भत्ता, स्थानीय भत्ता, पोषक लगायत प्रशासनिक खर्च समेतमा रु.४९,००,००० (उनान्पँचास लाख) विनियोजन भएको रकम बाट तपशिल बमोजिमका खर्च शिर्षकमा बाँडफाँड गरि सभावाट अनुमोदन हुने गरि खर्चका लागी स्विकृती दिने निर्णय गरियो ।

(क) प्रशासनिक खर्च

| क्र.स. | प्रशासनिक खर्च | परिमाण | दर | जम्मा |
|---|---|---|---|---|
| १ | कार्यालय सवारी साधन (मोटरसाइकल ) खरिद | १ | ३५०००० | ३५०००० |
| २ | कम्प्युटर उपकरणहरु खरिद(डेस्कटप,ल्यापटप,प्रिन्टर) | १ | २७५००० | २७५००० |
| ३ | स्टेशनरी तथा कार्यालय सामान | १ | १०२१७० | १०२१७० |
| ४ | विधुत भुक्तानी तथा मर्मत तथा सामग्री खरिद | १ | २०००० | २०००० |
| ५ | संचार तथा टेलिफोन खर्च | १ | २५००० | २५००० |
| ६ | म.स्वा.स्व.से. र स्वास्थ्यकर्मीहरुलाई झोला र छाता वितरण | १५ | ४००० | ६०००० |
| ७ | स्वास्थ्य संस्था मर्मत तथा सम्भार | १ | २००००० | २००००० |
| ८ | म.स्वा.स्वं.सं बैठक खाजा खर्च | १२ | १५०० | १८००० |
| ९ | म.स्वा.स्वं.सं बैठक यातयात खर्च | ९ | ६००० | ५४००० |
| ११ | स्वास्थ्य संस्थाको औषधी, उपकरण तथा फर्निचर खरिद | १ | ५००००० | ५००००० |
| १२ | गउघर क्लिनिक सञ्चालन खर्च | २४ | १००० | २४००० |
| १३ | परिवार नियोजन कार्यक्रम सञ्चालन खर्च | १ | १५०००० | १५०००० |
| १४ | भ्रमण खर्च | १ | १००००० | १००००० |
| १५ | संक्रमण तथा अन्य रोग रोकथाम तालिम(स्वास्थ्य कर्मिहरुलाई) | १ | १५०००० | १५०००० |
| १६ | प्रत्येक वडामा सुगर प्रेसर नाप्नको लागि सामग्री खरिद र संचालन खर्च | १ | ५१००० | ५१००० |
| १७ | म.स्वा.स्वं.से. वार्षिक र अर्धवार्षिक समिक्षा | | | २४००० |
| १८ | अनुगमन तथा सुपरिवेक्षाण | १ | ५०००० | ५०००० |
| | जम्मा | | | २१५३१७० |

(ख) स्वास्थ्यकर्मी लाई तलव भत्ता, पोसाक आदि

| क्र.सं. | शिर्षक | ईकाइ (एकमुष्ठ) | रकम रु. | जम्मा रकम रु. |
|---|---|---|---|---|
| १ | तलव खर्च, | १ | १६,९८,९३०।- | १६,९८,९३०।- |
| २ | प्रा.ग्रेड | १ | २२,५६०।- | २२,५६०।- |
| ३ | ग्रेड रकम खर्च | १ | १,२०,९००।- | १,२०,९००।- |
| ४ | स्थानीय भत्ता | १ | ४,०५,१२०।- | ४०५१२०।- |
| ५ | महङ्गी भत्ता | १ | ९६,०००।- | ९६,०००।- |
| ६ | क.स.कोप थप | १ | १,४५,८९०।- | १,४५,८९०।- |
| ७ | अन्य विमा | १ | १९,२००।- | १९,२००।- |
| ८ | चाडपर्व खर्च | १ | १,४८,२३०।- | १,४८,२३०।- |
| ९ | पोशाक भत्ता | १ | ९०,०००।- | ९०,०००।- |
| जम्मा | | | | २७,४६,८३०।- |
| कुल जम्मा (क र ख शिर्षक) | | | | रु.४९,००,०००।- |

३. नेपाल सरकारको आ.व. ०७५/७६को नीति तथा कार्यक्रम र वजेट वक्तव्यमा स्थानीय तह संगको लागत सहभागीतामा २ वर्ष भित्र सवै वडास्तरमा न्यूनतम् १ बटा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण गर्ने कार्यक्रम अनुसार यस चामे गाउँपालिकालाई अर्थ मन्त्रालय मार्फत सशर्त अनुदान वितिय अनुदान हस्तान्तरण अन्तर्गत गत आ.ब. ०७६/७७ मा ३५ प्रतिशतका दरले प्राप्त हुन आएको बजेट अनुसार वडा नं. -१ तिमाङ स्थित तिमाङ हेल्थ केयर र वडा नं. -३ कोतोमा कोतो हेल्थ केयर सेन्टरको निर्माण कार्यको लागि विद्युतिय बोलपत्रको माध्यम वाट निर्माण प्रकृया आरम्भ भई तिमाङ हेल्थ केयर सेन्टर निर्माणको लागि श्री ग्याल्सुम्दो कन्सट्रक्सन संग रु. २५,०१,५८४.२८ सम्झौता भई निर्माण कार्यको करिव ७५ प्रतिशत भौतिक प्रगती भई रु. ५ लाख खर्च भएको र उक्त योजना यसै वर्ष सम्पन्न गर्न वाकी रकम रु. २०,०१,५८४.२८ र कोतो हेल्थ केयर सेन्टर निर्माणको लागि श्री ग्याल्सुम्दो कन्सट्रक्सन संग रु. ३७,४९,७८७.८७ सम्झौता भई निर्माण कार्यको करिव ९० प्रतिशत भौतिक प्रगती भई रु. १६,३३,७७०.८७ लाख खर्च भएकोमा सम्झौता वमोजिम भूक्तानी गर्न अपुग रु. २१,१६,०१७/- समेत गरी उक्त कार्य कोभिड-१९ को कारण आ.व. ०७६/७७ मा सम्पन्न हुन नसकी वाकी रकम फ्रिज भएकोले यसै वर्ष कार्य सम्पन्न भई भुक्तानी गर्न बाँकी जम्मा रकम रु. ४१,१७,६०१.२८ रकम स्वास्थ्य तथा जनसंख्या मन्त्रालय नीति तथा योजना शाखामा वजेट निकाशाको लागि माग गर्ने निर्णय गरियो ।

४. चामे गा.पा.को आ.व.०७७।०७८ को स्विकृत कार्यक्रम अनुसार वडा नं.१ स्यार्कुमा शित भण्डार निर्माणको लागि जग्गा खरिद सम्वन्धी मिति २०७७।०४।३० गतेको सूचना अनुसार पर्न आएका वोलपत्रहरु मध्ये चामे गाउँपालिकाको घर तथा जग्गा प्राप्ति समितिको मिति २०७७।०६।१६ को निर्णय नं. ३ अनुसार चामे गाउँपालिकाको घर जग्गा प्राप्ति तथा मुअब्जा वितरण कार्यविधी २०७७ बमोजिम आवश्यक प्रकिया पुरा गरी स्यार्कुमा शित भण्डार निर्माणको लागि खरिद हुने जग्गा रित पुर्वक ठहरीएको शिलवन्धी वोलपत्र दाता श्री खुसी राम घलेको साविक चामे गा.पा. वडा नं. १ को कित्ता नं. १५२ को जग्गा कार्यालयको आवश्यकता बमोजिम रित पुर्वक ठहरिनुका साथै कवोल अंक रु.११,५५,०००।– (प्रति रोपनी) स्विकृत दर भन्दा कम हुनुका साथै समिति बाट निर्धारण भए बमोजिम १८ मिटरको अगाडिको मोहडा मध्ये ९ मिटर बाटो कायम गरी भित्रि जग्गा मापदण्ड बमोजिम हुने गरी जग्गाको मोहडा कम्तिमा २० मिटर कायम हुने गरी कार्यालयको आवश्यकता अनुसार खरिद भएको २ रोपनी जग्गाको चार किल्ला सांध-सिमाना छुट्याई चामे गाउँपालिकाको नाममा मालपोत कार्यालय मनाङ बाट मिति २०७७।०८।१८ गते रजिस्ट्रेसन पास भई लालपुर्जा समेत प्राप्त भएकाले सम्झौता बमोजिमको रकम रु.२३,१०,०००।- श्री खुसी राम घलेलाई र सो वापत लाग्ने सरकारी राजश्व रु.४६,२२०।- गरी कुल भुक्तानी भएको रकम रु.२३,५६,२२०।- अनुमोदन गर्ने निर्णय गरीयो ।

५. नेपाल सरकार उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालयबाट जारी भएको गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका,२०७७ बमोजिम ७५३ वटै स्थानीय तहहरुमा गरीवी निवारणका लागि उद्यम विकास कार्यक्रम संचालन तथा सो को प्रभावकारी कार्यन्वयनका लागि यस चामे गाउँपालिकामा समेत उक्त कार्यक्रम संचालन गर्न निम्नानुसार शिर्षकमा खर्च हुने गरी बजेट विनियोजन भएको हुदाँ उक्त निर्देशिका अनुसार कार्यक्रम संचालनको लागि उद्यम विकास सहजकर्ता छनोट सम्वन्धमा उक्त निर्देशिकाको दफा ५२ बमोजिम यस चामे गा.पा.का अध्यक्ष श्री लोकेन्द्र बहादुर घले ज्युको संयोजकत्वमा गठन भएको उद्यम विकास समितिको मिति २०७७ कार्तिक २२ गते बसेको बैठकको निर्णय नं. २ अनुसार उद्यम विकास सहजकर्ता(चौथो/पाचौ) पद २ पदपूर्तिका लागि मिति २०७७।०७।२७ गते विज्ञापन भएकोमा पर्न आएका दरखांस्त निवेदकहरुको मिति २०७७।०८।२१ गते भएको अन्तरवार्ता बाट उक्त छनोट समितिको सिफारिस अनुसार योग्यताका आधारमा छनोट भएका श्री आशोक थापा र वैकल्पिक छनोट भएका श्री खड्ग बहादुर सहकारी (वोगटी) लाई नियमानुसार उद्यम विकास सहजकर्ता (चौथो) पदमा लिईएको सेवा करार नियुक्ति तथा यस पालिकाको उद्यम विकास समितिको मिति २०७७।०८।२८ गते बैठकको निर्णय बाट लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका,२०७७ अनुसूचि ३ बमोजिम पालिकालाई प्राप्त रु.३९,००,०००।- (उन्नचालीस लाख) बजेटलाई निम्नानुसारको शिर्षकमा वाडफाड भएकोले उक्त विनियोजन भएको रकमलाई अनुमोदन गर्ने निर्णय गरीयो ।

निर्णय प्रमाणित

तपशिल

| क.सं. | क्रियाकलापहरु | निर्देशिकाले तोकेको बजेट प्रतिशत दायरा | स्थानिय तहले तोक्न सक्ने बजेट प्रतिशत ( अनुमानित) | बजेट बाँडफाड |
|---|---|---|---|---|
| (क) | नयाँ उद्यमी सृजना तर्फको कुल बजेट (यदी कुल लक्ष्य १०० जना छ भने) | | | |
| १. | उद्यम विकासका लागि सामाजिक परिचालन | ३ प्रतिशत सम्म | ३ | ७९८०० |
| २. | उद्यमशिलता विकास तालिम | ७ देखि ९ प्रतिशत सम्म | ८ | २१२८०० |
| ३. | प्राविधिक सीपमुलक तालिम प्रदान | ३५ देखि ४१ प्रतिशत सम्म | ३८ | १०१०८०० |
| ४. | उपयुक्त प्रविधि पहुँच तथा हस्तान्तरण | १५ देखि १८ प्रतिशत सम्म | १५ | ३९९००० |
| ५. | लघु कर्जामा पहुँच | ३ देखि ४ प्रतिशत सम्म | ३ | ७९८०० |
| ६. | वजारीकरण सेवा | ३ देखि ५ प्रतिशत सम्म | ३ | ७९८०० |
| ७. | उद्यम विकास सहजकर्ता परिचालन | २४ देखि ३३ प्रतिशत सम्म | ३० | ७९८००० |
| | **जम्मा** | | १०० | २६६०००० |
| (ख) | भैरहेका उद्यमीहरुको स्तरोन्नती ( पुनर्ताजगि तथा एडभान्स तालिम) | १०० | १०० | ६००००० |
| (ग) | उपयुक्त प्रविधि समुहमा हस्तान्तरण | १०० | १०० | १४०००० |
| (घ) | साझा सुविधा केन्द्र (वजेटमा व्यवस्था भएको स्थानिय तहमा मात्र) | १०० | १०० | ५००००० |
| | **जम्मा** | | | १२,४०,००० |
| | कुल जम्मा (क,ख,ग,घ) | | | ३९,००,००० |

६. चालि आ.व. ०७७।०७८ को लागि यस चामे गा.पा.को लागि संघीय संसद विकास कोष अन्तर्गत कृषकको लागि अनुदानमा स्याउ तथा ओखरको विरुवा वितरण गर्न विनियोजन भएको रकम रु.१४ लाख रकम

निर्णय प्रमाणित

संचालनको लागि यस पालिकाको कृषकहरुलाई कृषि कार्य मार्फत् उत्पादन वृद्धि गरी आत्मनिर्भर तथा उद्यम सिल बनाउन उक्त विनियोजन भएको रकम शत प्रतिशत अनुदानमा वितरण गरिने स्याउ तथा ओखरका विरुवाहरु इच्छुक उद्यम सिल कृषकहरुको माग वमोजिम कम्तिमा ५ देखि ७ जना रहने गरी समुह गठन गरी वडाको सिफारीसको आधारमा उक्त स्याउ तथा ओखरका विरुवाहरु वितरण गर्ने निर्णय गरीयो ।

७. पालिकाको बा.१ झ. ३९२८ नम्बरको पजेरो जिप हाम्रो पश्चिमाञ्चल अटो ईन्जिनियरीङ वर्कसपको विल थान ५ वटाको विभिन्न मितिमा मर्मत सम्भार गर्दा खर्च भएको कुल रकम रु.६,४८,६३७।८५ (अक्षेरुपी छ लाख अठचालिस हजार छ सय सैतिस पैसा पचासी) भुक्तानीको लागि स्वीकृति दिने निर्णय गरीयो ।

८. चालु आ.व. ०७७।०७८ मा नेपाल सरकारवाट यस चामे गा.पा. अन्तर्गत "औद्योगिक ग्राम" घोषणा भएकोले सो को स्थापना र संचालनका लागि स्थानीय तहले आफ्नै श्रोतवाट विस्तृत परियोजना प्रतिवेदन (DPR) र प्रारम्भिक वातावरणीय परिक्षण(IEE) प्रतिवेदन तयार गर्नुपर्ने कानुनी व्यवस्था भएकाले यस आ.व.०७७।०७८ को भैपरी आउने (पूजिगत) शिर्षकमा विनियोजन भएको शिर्षकवाट खर्च हुने गरी DPR का लागी रु. ५ लाख र IEE का लागी रु. ५ लाख गरी जम्मा रु.१० लाख रकम विनियोजन गर्ने निर्णय सर्वमत गरियो ।

९. चामे गा.पा. मा मौज्दात रहेको खाद्यान्न (चामल, दाल, तेल) वडाको सिफारिसमा विवरण भई केहि मौज्दात रहेकोले उक्त मौज्दातको खाद्यान्न सामाग्रीहरु अध्यक्ष तथा उपाध्यक्ष को सिफारीसमा विक्री वितरण गर्ने निर्णय गरीयो ।

आज मिति २०७७ साल पौष १३ गते चामे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर घलेज्यूको अध्यक्षतामा बसी निम्न उपस्थितिमा देहाय बमोजिमको निर्णयहरु गरियो ।

**उपस्थिति**

| | | | |
|---|---|---|---|
| १. | अध्यक्ष | - | श्री लोकेन्द्रबहादुर घले |
| २. | उपाध्यक्ष | - | श्री मुनिन्द्रजंग गुरुङ |
| ३. | सदस्य | - | श्री ~~आशिष गुरुङ~~ |
| 4. | सदस्य | - | श्री भिमबहादुर गुरुङ |
| 5. | सदस्य | - | श्री राजु लामा |
| 6. | सदस्य | - | श्री ~~लोप्साङ लामा~~ |
| 7. | सदस्य | - | श्री कैले गुरुङ |
| 8. | सदस्य | - | श्री आशकुमारी गुरुङ |
| 9. | सदस्य | - | श्री माईता गुरुङ |
| 10. | सदस्य | - | श्री फूलमाया गुरुङ |
| 11. | सदस्य | - | श्री समिरा गुरुङ |
| 12. | सदस्य | - | श्री बिन घले |
| 1३. | सदस्य | - | श्री लक्ष्मी वि.क. |
| 14. | सदस्य सचिव | - | श्री नर बहादुर चन्द |

**आमन्त्रीत सदस्यहरु**

१. लक्ष्मण गौली, इन्जिनियर, चामे गाउँकार्यपालिकाको कार्यालय
२. नम नारायण मल्ल, लेखा अधिकृत, चामे गाउँकार्यपालिकाको कार्यालय
३. दिपेन्द्र गोदार, सूचना प्रविधि अधिकृत, चामे गाउँकार्यपालिकाको कार्यालय

**प्रस्तावहरु**

१. योजनाको म्याद थप सम्बन्धमा ।
२. सेवा करारमा काम्काज गर्दै आएका कर्मचारीहरुको सेवा करार अवधि अनुमोदन सम्बन्धमा ।
३. योजनाको खर्च अनुमोदन सम्बन्धमा ।

मिति २०७७/९/२५ प्रमाणित

## निर्णयहरु

१. **(क)** नेपाल सरकारको आ.ब. ०७५/७६को नीति तथा कार्यक्रम र बजेट बक्तव्यमा स्थानीय तह संगको लागत सहभागीतामा २ बर्ष भित्र सवै वडास्तरमा न्यूनतम् १ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण गर्ने कार्यक्रम अनुसार यस चामे गाउँपालिकालाई अर्थ मन्त्रालय मार्फत सशर्त अनुदान वितिय अनुदान हस्तान्तरण अन्तर्गत गत आ.ब. ०७६/७७ मा ३५ प्रतिशतका दरले प्राप्त हुन आएको बजेट अनुसार वडा नं. -१ तिमाङ स्थित तिमाङ हेल्थ केयर र वडा नं. -३ कोतोमा कोतो हेल्थ केयर सेन्टरको निर्माण कार्यको लागि विद्युतिय बोलपत्रको माध्यम बाट निर्माण प्रकृया आरम्भ भई तिमाङ हेल्थ केयर सेन्टर निर्माणको लागि श्री ग्याल्सुम्दो कन्सट्रक्सन संग रु. २५,०१५८४.२८ सम्झौता भई निर्माण कार्यको करिव ७५ प्रतिशत भौतिक प्रगती भई रु. ५ लाख खर्च भएको र उक्त योजना यसै वर्ष सम्पन्न गर्न बाकी रकम रु. २०,०१,५८४.२८ र कोतो हेल्थ केयर सेन्टर निर्माणको लागि श्री ग्याल्सुम्दो कन्सट्रक्सन संग रु. ३७,४९,७८७.८७सम्झौता भई निर्माण कार्यको करिव ९० प्रतिशत भौतिक प्रगती भई रु. १६,३३,७७०.८७ लाख खर्च भएकोमा सम्झौता बमोजिम भूक्तानी गर्न अपुग रु. २१,१६,०१७/- समेत गरी उक्त कार्य कोभिड-19 को कारण आ.ब. ०७६/७७ मा सम्पन्न हुन नसकी बाकी रकम फ्रिज भएकोले यसै बर्ष कार्य सम्पन्न भई भुक्तानी गर्न बाँकी जम्मा रकम रु. ४१,१७,६०१.२८ रकम स्वास्थ्य तथा जनसंख्या मन्त्रालय नीति तथा योजना शाखामा बजेट निकाशाको लागि माग गरिएको हुँदा सम्बन्धित निकायबाट हालसम्म बजेट निकाशा भई नआएको तथा यस जिल्लामा चिसो तथा हिमपातका कारण योजनाको निर्माण कार्य अगाडी बढाउन नसकिने कारण जनाई निर्माण व्यावसायीबाट कार्यालयमा मिति २०७७।९।६ गते २०७७ आषाढ २४ गते भित्र सम्पन्न गर्ने गरि म्याद थपका लागि निवेदन पेश भएको हुँदा निजहरुको माग मनासिव देखिएको हुँदा मिति २०७७ आषाढ १० गते सम्म म्याद थप गर्ने निर्णय गरियो ।

| २ | ३११५१ | चामे माथि जानेबाटा सिँढीमा रेलिङ र चामे गुम्बा रेलिङ निर्माण | ८०० | ० | ० | | ८०० |
| ३ | ३११५८ | तलेखुमा सार्वजनिक शौचालय निर्माण | ० | ० | ० | | ० |
| ४ | ३१११२ | पाल्तुङ फाँटमा अन्न वाली संकलन तथा भण्डारण केन्द्र निर्माण | ० | | ० | | |
| | | जम्मा = | २३०० | १००० | ० | ० | १३०० |

(ङ) विषेश अनुदानका आयोजनाहरु

| क.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल वजेट | नेपाल सरकार विषेश अनुदान | | | |
|---|---|---|---|---|---|---|---|
| | ३११५६ | चामे बजार खानेपानी विस्तार आयोजना | ५००० | ५००० | | | |

(च) संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम - समपुरक अनुदानको आयोजनाहरु

| क.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल वजेट | नेपाल सरकार समपुरक अनुदान | | | |
|---|---|---|---|---|---|---|---|
| | ३११५९ | चामे सिंगर (कोजनसारा) ताल पदमार्ग एवम् धर्मशाला निर्माण आयोजना | ४००० | ४००० | | | |

(छ) संघीय सरकारवाट हस्तान्तरित कार्यक्रम - शसर्त अनुदानको आयोजनाहरु

| क.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल वजेट | नेपाल सरकार शसर्त अनुदान | | | |
|---|---|---|---|---|---|---|---|
| | | शसर्त अनुदानका कार्यक्रमहरु | ७४७३७ | ७४७३७ | | | |

(ज) प्रदेश सरकारवाट हस्तान्तरित कार्यक्रम - शसर्त अनुदानको आयोजनाहरु

| क.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल वजेट | नेपाल सरकार शसर्त अनुदान | | | |
|---|---|---|---|---|---|---|---|
| | ३१११२ | चामे सिटीहल निर्माण | १०००० | १०००० | | | |

(झ) प्रदेश सरकार सहरी विकास कार्यालय गोरखाबाट हस्तान्तरित कार्यक्रम - समपुरक अनुदान

| क.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल वजेट | नेपाल सरकार शसर्त अनुदान | | | |
|---|---|---|---|---|---|---|---|
| | ३१११२ | चामे सिटीहल निर्माण | ७००० | ७००० | | | |

(ञ)जिल्ला समन्वय समिति मनाङबाट हस्तान्तरित कार्यक्रम - शसर्त अनुदान

| क्र.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार शसर्त अनुदान | | |
|---|---|---|---|---|---|---|
| | ३११५६ | स्यार्कु खानेपानी योजना | २००० | २००० | | |
| | ३११५६ | लमजुङ बेशक्याम्प खानेपानी निर्माण योजना | ५०० | ५०० | | |
| | | जम्मा = | २५०० | २५०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | १०३०० | ३५०० | १५०० | ० | ५३०० |
| | १३५७१३ | ६७१०० | १२१०८ | ० | ५६५०५ |
| २८८६४१.६१ | १३५७१३ | ६७१०० | १२१०८ | ० | ५६५०५ |
| | ० | ० | ० | ० | ० |

चामे गाउँपालिका कार्यालयको पशु सेवा शाखाको आ.व २०७७/७८ को शंसोधित कार्यक्रम

| क्र.स | कार्यक्रमको नाम | परिमाण | ईकाइ | बजेट सहभागिता: कृषक रकम | कृषक प्रतिशत | गाउँपालिका रकम | गाउँपालिका प्रतिशत | चौमासिक: प्रथम | दोस्रो | तेस्रो | कुल बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | घाँसको विउ वितरण कार्यक्रम जै ह्वाईट क्लोभर राई घाँस | | के.जी | ५७५०० | ५० | ५७,५०० | ५० | | | | ११५००० | |
| २ | जर्सी गाई अनुदान कार्यक्रम | ५ | वटा | १७५००० | ५० | १७५,००० | ५० | | | | ३५०००० | |
| ३ | उपचार गर्नको लागि ट्रेविज निर्माण कार्यक्रम | २ | वटा | | | १५०,००० | | | | | १५०००० | |
| ४ | रेविज भ्याक्सिन र औषधी तथा उपकरण खरिद कार्यक्रम | २ | पटक | | | ४००००० | | | | | ४००००० | |
| ५ | भेडाबाख्रालाई बाहिरी परजिवीबाट नियन्त्रण गर्न डिपिङ् टेङ्क को निमार्ण गर्ने कार्यक्रम | २ | वटा | २०००० | ५ | ३८०००० | ९५ | | | | ४००००० | |
| ६ | कृषकको क्षमता विकास कार्यक्रम-भेडाबाख्रा सम्वन्धी तालिम | १ | दिने | | | ३०००० | | | | | ३०००० | |
| ७<br>८ | घुम्ती गोठ चरण प्रणालीमा चरण गराउने कृषकलाई सोलार प्यानल वितरण कार्यक्रम | १० | वटा | ५०००० | ५० | ५०००० | ५० | | | | १००००० | |
| ९<br>१० | घुम्ती गोठ चरण प्रणालीमा चरण गराउने कृषकलाई त्रिपाल सिलपोलियन प्लाष्टिक वितरण कार्यक्रम | १५ | वटा | ४५००० | ५० | ४५००० | ५० | | | | ९०००० | |
| ११ | व्यवसायिक भेडा/बाख्रा पालक कृषकहरुलाई ऊन काट्ने कैंची वितरण कार्यक्रम | | वटा | १५००० | ५० | १५००० | ५० | | | | ३०००० | |
| १२ | ढुवानी तथा जनशक्ती परिचालन र अन्य खर्च कार्यक्रम | | पटक | | | १९७५०० | | | | | १९७५०० | |
| १३ | व्याड याक खरीद | ५ | गोटा | | | ५००००० | | | | | ५००००० | |
| जम्मा | | | | ३६२५०० | | २०००००० | | | | | २३६२५०० | |

निर्णय प्रमाणित

OK

## चामे गाउँपालिका कार्यालयको कृषि शाखाको आ.व २०७७/७८ को शंसोधित कार्यक्रम

| क्र.सं | कार्यक्रमको नाम | परिमाण | ईकाइ | बजेट सहभागिता: कृषक: प्रतिशत | कृषक: रकम | गाउँपालिका: प्रतिशत | गाउँपालिका: रकम | चौमासिक: प्रथम | दोस्रो | तेस्रो | कुल बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | अनुदानमा लुज पाइप वितरण | ८१ | वटा | ३०.००% | १६०३८ | ७०.००% | ३७४२२ | | | | ५३४६० | |
| २ | अनुदानमा सिकेचर, प्रुनिङ ,पन्जा वितरण कार्यक्रम | १८ | सेट | ३०.००% | ९९९० | ७०.००% | २३३१० | | | | ३३३०० | |
| ३ | अनुदानमा स्प्रिडकल वितरण कार्यक्रम | ३९ | वटा | ५०.००% | ३९०० | ५०.००% | ३९०० | | | | ७८०० | |
| ४ | अनुदानमा दाँते ओखर विरुवा वितरण | ० | वटा | ०.००% | ० | ०.००% | ० | | | | ० | |
| ५ | वागवानी विकास ढुवानी कार्यक्रम | | पटक | | | | ८३०७९ | | | | ८३०७९ | |
| ६ | किटनाशक ढुसिनासक विपादी वितरण कार्यक्रम | १ | पटक | | ० | | १००००० | | | | १००००० | |
| ७ | अनुदानमा किवि विरुवा वितरण | ० | वटा | ०.००% | ० | ०.००% | ० | | | | ० | |
| ८ | ढुवानी अनुदानमा प्राङ्गारिक मल वितरण कार्यक्रम | १ | पटक | | ० | | ८०००० | | | | ८०००० | |
| ९ | अनुदानमा करु गहुँ कुट्ने मेशिन वितरण | २ | वटा | ५०.००% | २५०००० | ५०.००% | २५०००० | | | | ५००००० | |
| १० | तरकारी मिनिकिट वितरण कार्यक्रम | १ | पटक | | ० | | ८०००० | | | | ८०००० | |
| ११ | अनुदानमा सिलपोलियन प्लाष्टिक वितरण | १०७ | वटा | ५०.००% | ३५३१०० | ५०.००% | ३५३१०० | | | | ७०६२०० | |
| १२ | **यू भि प्लाष्टिक वितरण** | ० | वटा | | ० | | ० | | | | ० | |
| १३ | निलो तुथो चुना वितरण कार्यक्रम | १ | पटक | | ० | | ८००० | | | | ८००० | |
| १४ | फलफुल तथा तरकारी खेती कृषक तालिम | १ | पटक | | ० | | ८०००० | | | | ८०००० | |
| १५ | वेमौसमि तरकारी विउ वितरण कार्यक्रम | १ | पटक | | ० | | ८५००० | | | | ८५००० | |
| १६ | अनुदानमा स्प्रे १६ लिटर वितरण कार्यक्रम | १० | वटा | ३०.००% | १६५०० | ७०.००% | ३८५०० | | | | ५५००० | |
| १७ | **कृषि मेला प्रर्दशनी मेला** | १ | पटक | | ० | | ० | | | | ० | |
| १८ | चामे गाउँपालिका भित्रका तिन जना उत्कृष्ट व्यवसायिक कृषकलाइ प्रमाण पत्र सहित सम्मान | ३ | जना | | ० | | २५००० | | | | २५००० | |

OK

निर्णय कार्यान्वयन

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १९ | बेमोसमि तरकारी उत्पादन कृषक तालिम कार्यक्रम | १ | पटक | | ० | | ० | | | ० | |
| २० | सयपत्रि मखमलि विउ वितरण | १ | पटक | | ० | | १०००० | | | १०००० | |
| २१ | अनुदानमा प्लाष्टिक गमला वितरण | ४८७ | वटा | ५०.००% | ३५३०८ | ५०.००% | ३५३०८ | | | ७०६१५ | |
| २२ | मुसामार विषादि वितरण | १०० | वटा | | | | २००० | | | २००० | |
| २३ | पहेंलो च्यापच्यापे पासो | ० | वटा | | | | ० | | | ० | |
| २४ | हाइडेनसिटि स्याउ विरुवा वितरण कार्यक्रम | १४३ | वटा | १०.००% | १७४५१७ | ९०.००% | १५७०६५ | | | १७४५१७ | |
| २४ | हाइडेनसिटि ओखरको विरुवा वितरण कार्यक्रम | ५२६ | वटा | १०.००% | ६०९२४ | ९०.००% | ५४८३१६ | | | ६०९२४० | |
| २५ | जम्मा | | | | ९२०२७७ | | २०००००० | | | २७६३२११ | |

चामे गाउँपालिका

गाउँकार्यापालिकाको कार्यालय,मनाङ

चामे गाउँपालिका शिक्षा तर्फको कार्यक्रम

| क.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शिर्षक | वजेट |
|---|---|---|---|
| १ | अतिरिक्त क्रियाकलाप खर्च | २२५२२ | ० |
| २ | अन्य विविध खर्च | २२५२२ | ० |
| ३ | गाउँशिक्षा समिति, प्र.अ.,विषयगत शिक्षकहरुको बैठक भत्ता खर्च | २२५२२ | १,००,००० |
| ४ | शिक्षक विद्यार्थीको लागि COVID-19 सुरक्षा सामग्री खरिद | २२५२२ | २,००,००० |
| ५ | शिक्षकको तालिम खर्च | २२५२२ | २,००,००० |
| ६ | शिक्षा दिवस समारोह संचालन खर्च | २२५२२ | ० |
| ७ | शिक्षा शाखाको लागि मोटरसाइकल खरिद | २२५२२ | ३,००,००० |
| | जम्मा | | ८,००,००० |

निर्णय प्रमाणित

१४. चालु आ.व. ०७७।०७८ मा नेपाल सरकारवाट यस चामे गा.पा. अन्तर्गत "औद्योगिक ग्राम" घोषणा भएकोले सो को स्थापना र संचालनका लागि स्थानीय तहले आफ्नै श्रोतवाट विस्तृत परियोजना प्रतिवेदन (DPR) र प्रारम्भिक वातावरणीय परिक्षण(IEE) प्रतिवेदन तयार गर्नुपर्ने कानुनी व्यवस्था भए बमोजिम चामे गाउँकार्यपालिकाको मंसिर २९ गतेको निर्णय नं. ८ बमोजिम प्रारम्भिक वातावरणीय परिक्षण(IEE) प्रतिवेदन तयार गर्न विनियोजित भएको बजेट रकम रु. ५ लाख बाट उक्त IEE प्रतिवेदन तयार गर्न परामर्श दाता श्री पाथवे इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.ली. भक्तपुर र कार्यालय विच मितिः२०७७।११।२३ मा भएको सम्झौता बमोजिम उक्त परामर्शदाताले उद्योगग्राम निर्माणका लागि प्रारम्भिक वातावरणीय परिक्षण(IEE) प्रतिवेदन तयार गरी स्वीकृतिको लागि बैठकमा पेश भएको हुदाँ उक्त उद्योग ग्राम निर्माण कार्य अभिलम्व अगाडी बढाउन उक्त प्रारम्भिक वातावरणीय परिक्षण(IEE) प्रतिवेदन सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरीयो।

निर्णय प्रमाणित

आज मिति २०७८ साल बैशाख १३ गतेको दिन यस चोरगाउँ पालिका, गाउँकार्यपालिकाको बैठक यस गाउँपालिकाको अध्यक्ष श्री लोकेन्द्र बहादुर घलेज्यूको अध्यक्षतामा बसी निम्न उपस्थितीमा देहाय बमोजिमको निर्णयहरु गरीयो ।

उपस्थिती

१, अध्यक्ष - श्री लोकेन्द्र बहादुर घले
२, उपाध्यक्ष - श्री मुनिन्द्र जंग गुरुङ
३ सदस्य - श्री आशिष गुरुङ
४ सदस्य - श्री भिम बहादुर गुरुङ
५ सदस्य - श्री राजु लामा
६ सदस्य - श्री लोपसाङ लामा
७, सदस्य - श्री कैले गुरुङ
८, सदस्य - श्री आशकुमारी गुरुङ
९, सदस्य - श्री माईला गुरुङ
१०, सदस्य - श्री फुल माया गुरुङ
११, सदस्य - श्री सम्झिरा गुरुङ
१२, सदस्य - श्री बिन घले
१३, सदस्य - श्री लाक्पा वि.क.
१४, सदस्य सचिव :- श्री नर बहादुर चन्द

अन्य उपस्थिती

१) वडा सदस्य - श्री प्रेम कुमार श्रेष्ठ
२) " " - श्री बाल देव थापा
३) " " - श्री कर्मी देवाङ लामा
४, " " - श्री मिङमर दोमा लामा
५, स्वा. स्वयं सेविका - श्री विना महर्जन
६ स्वा. स्वयं सेविका - श्री दिईङ वुटी घले
७. स्वा. स्वयं सेविका श्री मुना घले

प्रस्तावहरु:

१) कोभिड -१९ को उपचारको लागी आइसोलेसन निर्माण सम्बन्धमा
२) कोभिड रोकथामको लागी आवश्यक पर्ने सामाग्री तथा सर्जिकल सामाग्री खरिद सम्बन्धमा ।
३) एम्बुलेन्स संचालन सम्बन्धमा ।
४) कोभिड -१९ को दोस्रो लहरबाट सुरक्षित रहन सचेतना अपनाउनु सम्बन्धमा ।
५) M.D.G.P. डाक्टरको व्यवस्थापन सम्बन्धमा।
६, ओपटी शिक्षकको बजेट रकमान्तर गरी भुक्तानी गर्ने सम्बन्धमा।

निर्णय प्रतिलिपी

८, विद्यालय अनुदान रकम पेश्की स्वरूप उपलब्ध गराउने सम्बन्धमा ।

निर्णयहरु

१. विश्वभर माहामारीको रूपमा फैलिरहेको कोरोना भाइरस (कोभिड-१९) को दोस्रो लहरको प्रकोप नेपालमा समेत तिव्र रूपमा फैलिइ यस चामे गाउँपालिका भित्र मिति २०७८/०१/१८ र ०१/१९ गते गरीएको एन्टिजेन परीक्षणवाट ४ (चार) जना र मनाङ निस्याङ गाउँपालिकामा ३ जनामा कोरोना भाइरस पोजेटिभ देखिएको र सो प्रकोप तिव्र गतिमा वढिरहेको हुँदा यस पालिकाका स्थानीय वासिन्दाका साथै मनाङ जिल्ला वासी जनता कोभिड संक्रमण भइ आइसोलेसनमा राखि उपचार गर्नको लागि कभर्ड हलमा १० वेडको आइसोलसन निर्माण तथा व्यवस्थापन गर्न आवश्यक पर्ने वजेट करीव रू. १५ लाख रकम कोरोना कोष बाट विनियोजन गरी नियम अनुसार उक्त आइसोलेसन वेड निर्माण तथा व्यवस्थापन गर्न वडा नं ४ को वडा अध्यक्ष श्री लोप्साङ लामालाई जिम्मा दिने गरी स्थानीय तह (चामे गाउँपालिाका) कोभिड रोकथाम, पुर्व तयारी प्रतिकार्य समन्वय समिति बाट पेश भएको प्रस्ताव लाई अनुमोदन गर्ने निर्णय गरीयो ।

२. विश्वभर माहामारीको रूपमा फैलिरहेको कोरोना भाईरस (कोभिड-१९) को नयाँ भेरियन्टको दोस्रो लहरको प्रकोप नेपालमा समेत तिव्र रूपमा फैलिइ यस चामे गाउँपालिकामा एन्टिजेन परीक्षण बाट ४ (चार) जनामा कोरोना भाइरस पोजेटिभ देखिएको र सो प्रकोप तिव्र गतिमा वढिरहेको हुदा यस पालिकाका स्थानिय वसिन्दालाइ उक्त संक्रमण हुन बाट रोकथाम नियत्रणका लागि पुर्व तयारी तथा प्रतिकार्यका लागि अत्यावश्यकीय सामाग्रीहरु मास्क, सेनिटाइजर, पि.पि.इ सेट, फेस सिल्ड, अक्सिजन सिलिण्डर सेट, अक्सिजन कन्सन्ट्रेटर आदी नियमानुसार खरीदका लागि रू १०,००,०००।- (दश लाख) रकम कोभिड कोष बाट खरीद गरी व्यवस्थापन गर्न स्थानीय तह कोभिड रोकथाम पुर्व तयारी प्रतिकार्य समन्वय समिति बाट पेश भएको प्रस्ताव लाई अनुमोदन गर्ने निर्णय गरीयो ।

३. चामे गाउँपालिकामा कोरोना भाईरस (कोभिड-१९) लक्षण देखिएका तथा संक्रमित भएका विरामीहरुलाई उपचारका लागि नेपाल रेडक्रस सोसाईटी मनाङ शाखाको स्वामित्वमा रहेको एम्बुलेन्स सञ्चालन गर्न हाललाई पालिकाको कोभिड कोषबाट खर्च वेहोर्ने गरी एक जना सवारी चालकको व्यवस्था वा वैकल्पिक व्यवस्था गरी उक्त एम्बुलेन्स लाई तयारी हालतमा राखी संचालन गर्न स्थानीय तह कोभिड रोकथाम पुर्व तयारी प्रतिकार्य समन्वय समिति बाट पेश भएको प्रस्ताव लाई अनुमोदन गर्ने निर्णय गरीयो ।

४. हालै मात्र यस पालिका लगायत मनाङ जिल्लामा कोरोनाको दोश्रो लहरको जोखिम तिव्र गतिमा वढि रहेको हुदाँ कोभिड संक्रमणवाट सुरक्षित रहन तथा रोकथामका लागि सरकारले अपनाएका सम्पुर्ण जनस्वास्थ्यका मापदण्डहरु पालना गर्नुका साथै उक्त संक्रमणवाट सुरक्षित रहन सचेतना लागि जनचेतनाका अभियान संचालन गर्ने साथै स्वास्थ्यको मापदण्ड पालना

निर्णय माथि

गरी निश्चित समयमा मात्र आफ्नो व्यापार, व्यवसाय संचालन गर्न स्थानीय तह कोभिड रोकथाम पुर्व तयारी प्रतिकार्य समन्वय समिति बाट पेश भएको प्रस्ताव लाई अनुमोदन गर्ने निर्णय गरीयो ।

५. मनाङ जिल्लामा रहेको एक मात्र जिल्ला अस्पतालमा विशेषज्ञ चिकित्सकको (MDGP) अभावको कारण पालिकाको साथै मनाङ जिल्ला बासि जनता गुणस्तर स्वास्थ्य सेवा, उपलब्धतावाट वन्चित रहनुका साथै विश्वभर महामारीको रुपमा फैलिरहेको कोरोनाको दोश्रो लहरको जोखिम तिव्र गतिमा यस पालिका लगायत मनाङ जिल्लामा वढि रहेको हुदाँ जिल्ला अस्पतालमा रहेको भेन्टिलेटर सेवा संचालन गर्न तालिम प्राप्त दक्ष चिकित्सकको जनशक्ति आवश्यक भएको हुदाँ जिल्लाको अन्य पालिकाहरु र जिल्ला अस्पताल मनाङ सगँ आवश्यक समन्वय र सहकार्य गरी विशेषज्ञ चिकित्सकको (MDGP) व्यवस्थापन गर्न स्थानीय तह कोभिड रोकथाम पुर्व तयारी प्रतिकार्य समन्वय समिति बाट पेश भएको प्रस्ताव लाई अनुमोदन गर्ने निर्णय गरीयो ।

६. चामे गाउँपालिकाको आ.व. ०७७।०७८ (संसोधित) को वार्षिक कार्यक्रम अनुसार कार्यालय परिसरमा रिटेनिङ वाल निर्माण कार्य योजनाका लागि वजेट रकम छुट हुन गएकोमा कार्यलयको भैपरि आउने पुँजिगत वजेट शिर्षक नं.३१५११ मा विनियोजन भएको रकम रु.३२ लाख ८३ हजार वाट घटाई उक्त कार्यालय परिसरमा रिटेनिङ वाल निर्माण कार्य योजनाका लागि तयार भएको लागत अनुमान रकम रु. १३ लाख ६७ हजार ६ सय ६८ पैसा २२ (कन्टिजेन्सि सहित) विनियोजन गर्ने निर्णय गरियो ।

७. चामे गाउँपालिकाको गौरवको आयोजनाको रुपमा रहेको लोकप्रिय मा.वि. आवासिय विद्यालय संचालन कार्यक्रम (शिर्षक नं. २५३११) अनुसार विनियोजन भएको रकम रु. ५५ लाख मध्ये लोकप्रिय आवसिय विद्यालयले मितिः२०७८।०१।१६ मा रु.१८ लाख ४६ हजार पेश्की माग गरेको हुदाँ हाल लाई रु. १७ लाख पेश्की स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय प्रमाणित

आज मिति २०७८ साल जेष्ठ २५ गते चामे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर घलेज्यूको अध्यक्षतामा वसी निम्न उपस्थितिमा देहाय वमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | अध्यक्ष | - | श्री लोकेन्द्रबहादुर घले |
| २. | उपाध्यक्ष | - | श्री मुनिन्द्रजंग गुरुङ |
| ३. | सदस्य | - | श्री आशिष गुरुङ |
| ४. | सदस्य | - | श्री भिमबहादुर गुरुङ |
| ५. | सदस्य | - | श्री राजु लामा |
| ६. | सदस्य | - | श्री ~~कुसुम गुरुङ (का.वा.~~ अध्यक्ष) ल्हाक्साङ लामा |
| ७. | सदस्य | - | श्री कैले गुरुङ |
| ८. | सदस्य | - | श्री आशकुमारी गुरुङ |
| ९. | सदस्य | - | श्री माईता गुरुङ |
| १०. | सदस्य | - | श्री फूलमाया गुरुङ |
| ११. | सदस्य | - | श्री समिरा गुरुङ |
| १२. | सदस्य | - | श्री बिन घले |
| १३. | सदस्य | - | श्री लक्ष्मी वि.क. |
| १४. | सदस्य सचिव | - | श्री नर बहादुर चन्द |

अन्य कर्मचारीहरु

१. लक्ष्मण गौली, इन्जिनियर, चामे गाउँकार्यपालिकाको कार्यालय
२. नम नारायण मल्ल, लेखा अधिकृत, चामे गाउँकार्यपालिकाको कार्यालय
३. दिपेन्द्र गोदार, सूचना प्रविधि अधिकृत, चामे गाउँकार्यपालिकाको कार्यालय
४. लिल बहादुर गुरुङ, सहायक चौथो, चामे गाउँकार्यपालिकाको कार्यालय
५. उमा तामाङ, प्रशासन सहायक, चामे गाउँकार्यपालिकाको कार्यालय
६. शुसिला गुरुङ, सहायक कम्प्युटर अपरेटर, चामे गाउँकार्यपालिकाको कार्यालय
७. डिल बहादुर गुरुङ- स्वा. संयोजक चामे गा.पा.

निर्णय प्रमाणित

प्रस्तावहरु

१. स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन विषय क्षेत्रगत आधारमा प्राप्त नतिजाको अनुमोदन गर्ने सम्बन्धमा ।
२. महालेखा परिक्षक विभागको अन्तिम लेखा परिक्षणको प्रतिवेदन सम्बन्धमा ।
३. दैविक प्रकोप (बाढी) ले पुर्‍याएको क्षति व्यवस्थापन तथा पुर्नस्थापन गर्न रकम विनियोजन सम्बन्धमा ।
४. योजनाको सम्झौता अनुमोदन सम्बन्धमा ।
५. योजनाको खर्च भएको रकम समर्थन सम्वन्धमा ।
६. पालिकाको समुदायमा स्तरमा फैलिएको कोभिड-१९ को रोकथामको सम्वन्धमा ।
७. योजनाको भुक्तानीका लागि रकम स्वीकृत सम्वन्धमा ।
८. चामे गाउँपालिकाको लैङ्गिक हिंसा निवारणकोष संचालन सम्वन्धी कार्यविधि, २०७८ स्वीकृत सम्वन्धमा ।
९. आ.व. ०७७।०७८ संचालित योजनाहरु समयमा सम्पन्न गर्ने सम्वन्धमा ।
१०. आ.व. ०७८।०७९ को बजेट तर्जुमाको लागि बस्ति, गाउँ, टोलबाट योजना तर्जुमा गरी पालिकामा पेश गर्ने सम्वन्धमा ।
११. चामे गाउँपालिकामा स्टोरमा रहेको पोलिथिन पाईप खर्च अनुमोदन सम्वन्धमा ।
१२. आधारभुत स्वास्थ्य सेवा केन्द्रहरू संचालनका लागि बजेट बाडफाट सम्वन्धमा ।

निर्णयहरु :

१. स्थानीय तहको कार्य प्रकृया र उपलव्धीहरुको बारेमा लेखाजोखा गरी सबल र दुर्वल पक्षहरुको पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरुको जानकारी लिन, आवधिक समीक्षाको लागि आधार प्राप्त गर्न र गाउँपालिका तथा नगरपालिकाहरुको बीचमा तुलनायोग्य सूचकहरु तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउन स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ ले स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कनका लागि विभिन्न विषय क्षेत्रहरु निर्धारण गरेको छ । यस कार्यमा सहजिकरणका लागी खटिई आउनु भएका प्रशिक्षकहरुबाट प्रशिक्षण समेत सम्पन्न भई सकिएको हुँदा उक्त कार्यविधि अनुसार यस चामे गाउँपालिकाले आ.व. २०७६।०७७ मा सम्पादन गरेका कार्यहरुको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट उपलव्ध गराईएको सूचना प्रविधिमा आधारित ढाँचा अनुसार स्वमुल्याङ्कन गर्दा निम्न विषयक्षेत्रहरुमा निम्नानुसार अंकभार प्राप्त भएको हुँदा प्राप्त नतिजा आजको कार्यपालिकाको बैठकबाट अनुमोदन गरी कार्यालयको वेभसाईट तथा सूचना पाटी मार्फत सार्वजनिक गर्ने साथै जिल्ला समन्वय समिति, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेश, पोखरा र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित

तपसिल

| सि.नं. | स्वमुल्याङ्कनका विषय क्षेत्र | पूर्णाङ्क | प्रासाङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | शासकीय प्रवन्ध | ९ | ७.५ | |
| २ | संगठन तथा प्रशासन | ८ | ४.५ | |
| ३ | वार्षिक बजेट तथ योजना व्यवस्थपान | ११ | ४ | |
| ४ | वित्तीय एवं आर्थिक व्यवस्थापन | ११ | ५ | |
| ५ | सार्वजनिक सेव प्रवाह | १६ | १०.५ | |
| ६ | न्यायिक कार्यसम्पादन | ७ | ४.५ | |
| ७ | भौतिक पूर्वाधार | १३ | ४ | |
| ८ | सामाजिक समावेशिकरण | १० | ५ | |
| ९ | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ९ | २.५ | |
| १० | सहकार्य र समन्वय | ६ | १.५ | |
| | कुल जम्मा प्रासाङ्कः | १०० | ४९ | |

२. महालेखा परिक्षक विभागवाट यस चामे गाउँपालिकाको आ.व. ०७६।०७७ को विनियोजन, राजश्व, धरौटि तथा अन्य आर्थिक कारोवारहरुको अन्तिम लेखा परिक्षण गरी मितिः२०७८।०२।०२ गते प्रास प्रारम्भिक लेखा परिक्षण प्रतिवेदन तथा गत विगत आ.व. हरुमा समेत अन्तिम लेखा परिक्षण वाट वेरुजु औल्याएका विपय उपर छलफल भई असुल उपर गर्नुपर्ने शिर्पकगत रकमहरु यथाशिग्र असुल उपर गर्न पत्राचार गरी कारवाही प्रक्रिया अगाडि वढाउन चामे गाउँ कार्यपालिकालाई निर्देश गर्ने तथा अनियमित औल्याएका विपयमा प्रक्रियागत रुपमा नियमित गर्नुपर्ने विपयका विभिन्न शिर्पगत रकमहरुलाई लेखा समिति मार्फत छलफल गरि प्रक्रियागत ढङ्गले प्रचलित ऐन कानुन अनुसार नियमित गर्न सभामा पेश गर्ने निर्णय गरियो । साथै विगत आ.व. ०७३।०७४ देखि आ.व.०७५।०७६ सम्म वेरुजु औल्याएको रु.३ करोड ४ लाख रकम मध्ये रु.३ करोड २ लाख ७ सय ८८ अर्थात ९९.३४ प्रतिशत वेरुजु फरछ्यौट गर्न सक्रिय भुमिका निर्वाह गर्ने लेखा समितिका सम्पुर्ण पदाधिकारीहरु, प्रमुख प्रशासकीय अधिकृत श्री नर वहादुर चन्द, लेखा प्रमुख श्री नम नारायण मल्लका साथै पालिकाका जिम्मेवार सम्पुर्ण कर्मचारीलाई धन्यवाद ज्ञापन गर्ने सर्वसम्मत निर्णय गरियो ।

३. चामे गाउँपालिकामा मितिः२०७८।०२।१२ गते देखि २०७८।०२।१५ गते सम्म परेको अविरल वर्षा पश्चात १५ गते चामे गाउँपालिका वडा नं.४ घट्टे खोलामा आएको पहिरो सहितको वाढिले चामे वजारको नयाँ वजार क्षेत्रमा खानेपानी, ढल, सडकका साथै चामे गाउपालिका क्षेत्रको विभिन्न स्थानमा आएको पहिरोले सडकमा पुय्याएको क्षति लगायत जनताको भौतिक सम्पतिमा समेत क्षति पुय्याएको हुदाँ क्षतिग्रस्त खानेपानी, ढल र सडक समेतको तत्काल मर्मत सम्भार गरी तत्काल संचालन गर्न चामे गा.पा. स्तरीय स्थानीय विपद व्यवस्थापन समितिको मितिः२०७८।०२।१६ गतेको निर्णयको शिफारिस अनुसार निम्ना अनुसारको शिर्पकमा भैपरी आउने शिर्पक वाट रकम विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल:

(क) पहिरो पन्छाउने तथा सडक मर्मत सम्भार कार्य (चामे देखि तिमाङ सम्म)- रु.३ लाख

(ख) बाढीले क्षति ग्रस्त स्यार्कुको काठेपुल निर्माण कार्य – रु.४ लाख ३६ हजार (ल.ई. अनुसार)

(ग) खानेपानि ढल मर्मत तथा सामाग्री खरिद कार्य-रु.१ लाख

साथै उक्त दैविक प्रकोप बाढीले पुऱ्याएको क्षति कार्यमा तत्काल चामे बजार क्षेत्रको जनताको जिउधनको रक्षाको लागि राहत उद्धार कार्यमा खटिएका नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी लगायत स्थानीय युवाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरीयो ।

४. चालु आ.व. ०७७।०७८ मा स्वीकृत चामे गाउँपालिका स्तरीय गौरवका निम्न आयोजाहरुको प्रचलित ऐन नियम अनुसार विधुतिय वोलपत्रको माध्यमवाट खरिद प्रक्रिया सम्पन्न भई निर्माण योजना संचालनका लागि निम्नानुसारको खरिद समझौतालाई स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजनाको नाम | बोलपत्र दाताको नाम/ठेगाना | स्वीकृत वोलपत्र अंक | खरिद सम्झौता मिति | योजनाको समाप्त मिति |
|---|---|---|---|---|---|
| १ | चामे बजार खानेपानी तथा ढल निर्माण योजना | श्री G.S. Engineering & Builders<br>Pokhara -5, Kaski<br>PAN No: 601108233 | रु.१,८३,६५,९१४।७० | २०७८।०२।०९ | २०७९।०८।१७ |
| २ | चामे बसपार्क निर्माण योजना | श्री Om Buddha Engineering Pvt.Ltd.<br>Bhimeshwor-7, Dolakha<br>PAN No: 605959147 | रु.३,८१,०३,३२४.२७ | २०७८।०२।२१ | २०७९।०२।०८ |

५. चामे गाउँपालिकाको चालु आ.व. ०७७।०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सम्पन्न भएका तपसिल वमोजिमका निर्माण योजनाहरु तथा कार्यक्रमहरुमा नियमानुसार भएको खर्च रकमको जाचपास तथा फरफारक गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजना तथा कार्यक्रमको विवरण | स्वीकृत बार्षिक बजेट | अनुमोदित खर्च रकम | कैफियत |
|---|---|---|---|---|
| [illegible] | स्यार्कु सित भण्डार योजनाको DPR निर्माण कार्य | रु.१०,००,०००।- | रु.९,९०,३९२।- | |
| २ | उद्योग ग्राम निर्माण योजनाको DPR निर्माण कार्य | रु.५,००,०००।- | रु.४,९६,०७०।- | |
| [illegible] | उद्योग ग्राम निर्माण योजनाको IEE निर्माण कार्य | रु.५,००,०००।- | रु.४,९३,५२७।५०।- | |
| [illegible] | गाउँपालिकामा रिटेनिङ वाल निर्माण कार्य | रु.१३,६७,६६८।२२।- | रु.१३,१५,०६५।६०।- | |
| | तातोपानी कुण्डमा ढुङ्गेधारा निर्माण कार्य | रु.१०,००,०००।- | रु.४,८३,५८३।५०।- | |
| | गाउँपालिका पछाडि भवन निर्माण कार्य (दोश्रो रनिङ विल भुक्तानी) | रु.४१,३९,९२८।७०।- | रु.२०,२१,०६४।८०।- | |
| | तिमाङ स्वास्थ्य चौकी भवन निर्माण कार्य (अन्तिम विल भुक्तानी) | रु.२५,०१५८४.२८।- | रु.२४,२६,८६६।८६।- | |
| | कोतो चौकी भवन निर्माण कार्य (अन्तिम विल | रु .३७,४९,७८७.८७।- | रु.२३,३६,६६६।७४।- | |

| | | | | |
|---|---|---|---|---|
| | भुक्तानी) | | | |
| ९ | आइसोलेसन वेडमा CCTV जडान निर्माण कार्य | रु.१,२६,९७६।- | रु.१,२६,९७६।- | |
| मेड्पा कार्यक्रम तर्फ | | | | |
| १ | सामाजिक परिचालन | रु.७९,८००।- | रु.७९,,८००।- | |
| २ | उद्यमसिलता विकास तालिम | रु.२,१२,८००।- | रु.२,०६,२०५।- | |
| ३ | प्राविधिक सिप विकास तालिम (तरकारी खेति) | रु.१,५०,००० | रु.१,३३,४४९।- | |

६. विश्वभर माहामारीको रूपमा फैलिरहेको कोरोना भाइरस (कोभिड-१९) को दोस्रो लहरको प्रकोप नेपालमा समेत तिव्र रूपमा फैलिइ यस चामे गाउँपालिकाको समुदाय स्तरमा समेत दिनप्रतिदिन तिव्र गतिमा फैलिरहेको हुदाँ यस पालिकाका स्थानिय वसिन्दालाइ उक्त संक्रमण हुन वाट रोकथाम नियत्रणका लागि सचेतना अभिवद्वि गर्नका साथै सरकारले तोकेको स्वास्थ्यको मापदण्ड अपनाई आ-आफ्नो कार्य क्षेत्र स्तरमा सक्रिय भुमिका निर्वाह गर्ने सर्वसम्मत निर्णय गरियो ।

७. चामे गाउँपालिकाको गौरवका आयोजनाको रुपमा गत आ.व.०७६।०७७ मा संचालित भई यस आ.व. ०७७।०७८ मा क्रमागत रुपमा निर्माणधीन रहेको चामे सिटिहल निर्माण योजनाको निर्माण व्यवसायी श्री पराजुली कन्सट्रक्सन प्रा.ली. भोर्लेटार लमजुङ सँग रु.२,७७,०३,३७२।२५ अंकको सम्झौता भए वमोजिम निर्माण कार्यको प्रगतिको आधारमा निर्माण व्यवसायीलाई प्रथम रनिङ विल वापत रु.६२,८२,७७३।५६ रकम भुक्तानी भएको साथै निर्माण कार्य प्रगतिका आधारमा दोश्रो रनिङ विल वापत रु.८३,३१,७९९।३४ भुक्तानीको लागि कार्यालयमा मितिः२०७८।०२।०४ मा निवेदन सहित विल पेश भएको र प्राविधिक कर्मचारी वाट उक्त निर्माण योजनाको नापजाच गरी पेश भएको आधारमा दोश्रो रनिङ विल वापत भुक्तानी गर्नुपर्ने रकम रु.८३,३१,७९९।३४ मध्ये निर्माण व्यवसायीले मोविलाईजेशन वापत लिईएको रु.२४ लाख पेश्की रकमको ५० प्रतिशत अर्थात रु.१२ लाख घटाई वाकि रकम रु.७१,३१,७९९।३४ नियमानुसार भुक्तानी गर्न गाउँ कार्यपालिकालाई स्वीकृत दिने निर्णय गरियो ।

८. चामे गाउँ कार्यपालिकावाट तयार भई पेश भएको चामे गाउँपालिकाको लैङ्गिक हिंसा निवारणकोष संचालन सम्वन्धी कार्यविधि, २०७८ र चामे गाउँपालिकाको मेलमिलाप कार्य संचालन कार्यविधि,२०७८ सर्वसम्मत स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

९. चामे गाउँपालिकाको चालु आ.व. ०७७।०७८ मा संचालित वडा स्तरीय योजनाहरु तोकिए वमोजिमको परिमाण र गुणस्तर कायम हुने गरी यहि असाढ १५ गते भित्र सम्पन्न गर्ने गरी आ-आफ्नो वडा स्तरमा पहल गर्नुका साथै सक्रिय भुमिका निर्वाह गर्ने सर्वसम्मत निर्णय गरियो ।

१०. चामे गाउँपालिकाको आगामि आ.व. ०७८।०७९ को वजेट तर्जुमाको लागि योजनाहरु छनौट गर्न आ-आफ्नो वडा स्तरमा वस्ति, गाउँ, टोलवाट योजना तर्जुमा गरी तोकिएको समय भित्र पालिकामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

११. चामे गाउँपालिकामा मितिः२०७८।०२।१२ गते देखि २०७८।०२।१५ गते सम्म परेको अविरल वर्षा पश्चात १५ गते चामे गाउँपालिका वडा नं.४ घट्टे खोलामा आएको पहिरो सहितको वाढिले चामे वजारको नयाँ वजार क्षेत्रमा खानेपानी र ढल क्षति पुय्याई खानेपानिको पाईप लाईनहरु पुर्ण रुपमा वगाएको हुदाँ

निर्णय प्रमाणित

चामे बजारमा खानेपानी पाईपलाईन विच्छयाई बजार वासि जनतालाई खानेपानी सेवा उपलब्ध गराउन आवश्यक पोलिथिन पाईप चामे गाउँपालिकामा स्टोरमा रहेको निम्नानुसारकोक पाईप खर्च भएको हुदाँ सो को अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

<u>तपसिल:</u>

(क) पाईप २० एम.एम =१२०० मि.
(ख) पाईप ३२ एम.एम =६९० मि.
(ग) पाईप ५० एम.एम =४५० मि.
(घ) पाईप ६३ एम.एम =३०० मि.

१२. चामे गाउँपालिकामा आ.व. २०७७।७८ सशर्त वजेट अनुदान चामे गाउँपालिका स्वास्थ्य शाखा तर्फ स्वास्थ्य संस्था नभएका वडाहरूमा आधारभुत स्वास्थ्य सेवा केन्द्रहरूको संचालन खर्चमा जम्मा रू. १५००००० (पन्ध्र लाख) मात्र विनियोजित वजेट वाट स्वास्थ्यकर्मिहरूको तलब दिइ बाँकि रकम बाट आधारभुत स्वास्थ्य सेवा केन्द्रहरू संचालनको लागि आवश्यक फर्निचर र कार्यलयको सामग्रिहरू खरिद गर्ने निर्णय गरियो ।

<u>तपसिल:</u>

| कार्यक्रमको नाम | जम्मा वजेट | तलब खर्च | बाँकि रकम |
|---|---|---|---|
| स्वास्थय संस्था नभएका वडाहरूमा आधारभुत स्वास्थ्य सेवा केन्द्रहरूको संचालन खर्च | १५००००० (रु पन्ध्र लाख ) एक वडा को लागि रू ५००००० को दरले | २६६१०*४*१.५=१५९६६० (रू एक लाख उनन्साठि हजार छ सय साठी मात्र) | १००००००-१५९६६०=८४०३४० एक वडाको आधारभुत स्वास्थ्य सेवा केन्द्रहरूको लागि रू ४२०१७० (चार लाख बिस हजार एक सय सत्रि मात्र ) |

निर्णय प्रमाणित

आज मिति २०७८ साल आषाढ १६ गते चामे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर घलेज्यूको अध्यक्षतामा बसी निम्न उपस्थितिमा देहाय बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | अध्यक्ष | - | श्री लोकेन्द्रबहादुर घले |
| २. | उपाध्यक्ष | - | श्री मुनिन्द्रजंग गुरुङ |
| ३. | सदस्य | - | श्री आशिष गुरुङ |
| ४. | सदस्य | - | श्री भिमबहादुर गुरुङ |
| ५. | सदस्य | - | श्री राजु लामा |
| ६. | सदस्य | - | श्री लोप्साङ लामा |
| ७. | सदस्य | - | श्री कैले गुरुङ |
| ८. | सदस्य | - | श्री आशकुमारी गुरुङ |
| ९. | सदस्य | - | श्री माईता गुरुङ |
| १०. | सदस्य | - | श्री फूलमाया गुरुङ |
| ११. | सदस्य | - | श्री समिरा गुरुङ |
| १२. | सदस्य | - | श्री विन घले |
| १३. | सदस्य | - | श्री लक्ष्मी वि.क. |
| १४. | सदस्य सचिव | - | श्री नर बहादुर चन्द |

अन्य कर्मचारीहरु

१. लक्ष्मण गौली, इन्जिनियर, चामे गाउँकार्यपालिकाको कार्यालय
२. नम नारायण मल्ल, लेखा अधिकृत, चामे गाउँकार्यपालिकाको कार्यालय
३. दिपेन्द्र गोदार, सूचना प्रविधि अधिकृत, चामे गाउँकार्यपालिकाको कार्यालय
४. लिल बहादुर गुरुङ, सहायक चौथो, चामे गाउँकार्यपालिकाको कार्यालय
५. उमा तामाङ, प्रशासन सहायक, चामे गाउँकार्यपालिकाको कार्यालय

प्रस्तावहरु

१. दैविक प्रकोप (बाढी) ले पुर्‍याएको क्षति व्यवस्थापन तथा पुर्नस्थापन गर्न रकम विनियोजन सम्बन्धमा ।

२. शिक्षा शाखा तर्फको बजेट रकमान्तर सम्बन्धमा ।

३. आ.व. ०७७८।७९ को नीति, कार्यक्रम तथा बजेट छलफल बैठक सम्बन्धमा ।

निर्णयहरु:

१. क. देशभरका साथै मनाङ जिल्लामा जेठको अन्तिम साता अविरल परेको भारी वर्षा पश्चात २०७८ साल जेठ ३१ गते र आषाढ १ गते चामे गाउँपालिकाको वडा नं.४ घट्टे खोला र ठाडो खोला तथा मर्स्याङदीमा आएको पहिरो सहितको बाढिले चामे-मनाङ निस्याङ गाउँपालिका जोड्ने मोटरेवल वेली ब्रिज पुलमा काठपात, ढुङ्गा गीटी, बालुवा आई पुलमा अवरोध भई नदिको वहाव दाया बाया किनारा तिर मोडिई लोकप्रिय विद्यालय र तातोपानी बस्तिमा बाढीले क्षति पुर्‍याएको हुदाँ नदिले पटान भएको बालुवा गिटि पन्छाउने क्रममा क्यारावान कम्पनिको डोजर मस्याङदी नदिमा अड्कीएको हुदाँ सो डोजर किनारामा निकाल्नको लागि आवश्यक बजेट रु. ३ लाख निकासका लागि चामे गाउँपलिकाको विपद व्यवस्थापन समितिको मितिः२०७८।०३।१५ गतेको बैठकले शिफारीस गरेको हुदाँ उक्त डोजर निकाल्न प्रयोजनको लागि खर्च हुने करीव रु. ३ लाख रकम भैपरी आउने शिर्षक बाट रकम विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

ख. २०७८ साल जेठ ३१ गते र आषाढ १ गते आएको बाढी तथा पहिरोका कारण यस पालिका कार्यक्षेत्र भित्रको क्षतिग्रस्त भएको सडक सहज रुपमा आवतजावत तथा सवारी साधन संचालनको लागि चामे देखि थानचोक सम्मको खण्डको लागि अनुमानित रु.५ लाख र थानचोक देखि तिमाङ खोला सम्मको खण्डको लागि अनुमानित रु.५ लाख गरी जम्मा १० लाख भैपरी आउने शिर्षक बाट रकम विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

२. चामे गाउँपालिकाको शिक्षा, योजना तथा शिक्षा प्रोफाईल तयारको लागि आवश्यक पर्ने रकम रु.१ लाख ७० हजार १ सय विनियोजनको लागि सामाजिक विकास शाखाबाट कार्यक्रम सहित पेश भएको हुदाँ शिक्षा शाखा तर्फको शिक्षकको तालिम खर्च शिर्षकमा विनियोजन भएको रु.२ लाख रकम मध्येबाट खर्च हुने गरी शिक्षा, योजना तथा शिक्षा प्रोफाईल तयारको लागि आवश्यक पर्ने रकम रु.१ लाख ७० हजार १ सय बजेट रकमान्तर गर्ने निर्णय गरीयो ।

३. आगामी आ.व.को लागि स्थानीय तहले आफ्नो नीति तथा कार्यक्रम र बजेट आषाढ १० गते भित्र पेश गरि सक्नुपर्ने नीतिगत व्यवस्था रहेकोमा मनाङ जिल्लामा जेष्ठ मसान्त देखि सुरु भएको अविरल वर्षाका कारण जेठ ३१ र आषाढ १ गते स्थानीय घट्टे खोला, ठाडो खोला र मर्स्याङ्दी नदिमा पहिरो सहित आएको बाढीले सदरमुकाम चामे बजारका उक्त खोला किनाराका अधिकांश बस्ती बगाउनका साथै सडक, बिजुली, इन्टरनेट सुविधा अवरुद्ध हुनुका साथै सदरमुकाम सहित चामेका अधिकांश बस्ती बाढीबाट विस्तापित भई चामेवासी जनतालाई सुरक्षित स्थानमा व्यवस्थापन गरी तत्काल राहात तथा उद्धार कार्यमा सम्पुर्ण जनप्रतिनिधी सहित कर्मचारी खट्नु पर्ने भएकाले तोकिएको समयमा यस पालिकाको आ.व.०७८।०७९ को नीति, कार्यक्रम तथा बजेट तयार गरी पेश गर्न नसकिएको हुदाँ पालिकाको नीति, कार्यक्रम तथा बजेट सम्बन्धमा आवश्यक छलफल गर्न चामे गाउँपालिका गाउँ कार्यपालिकाको बैठक मितिः२०७८।०३।२० गते दिनको ११ बजे बस्ने निर्णय गरीयो ।

निर्णय पुस्तिका

आज मिति २०७८ साल आषाढ २० गते चामे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर घलेज्यूको अध्यक्षतामा बसी निम्न उपस्थितिमा देहाय बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | अध्यक्ष | - | श्री लोकेन्द्रबहादुर घले |
| २. | उपाध्यक्ष | - | श्री मुनिन्द्रजंग गुरुङ |
| ३. | सदस्य | - | श्री आशिष गुरुङ |
| ४. | सदस्य | - | श्री भिमबहादुर गुरुङ |
| ५. | सदस्य | - | श्री राजु लामा |
| ६. | सदस्य | - | श्री धनमाया वि.क. (का.वा. अध्यक्ष) |
| ७. | सदस्य | - | श्री कैले गुरुङ |
| ८. | सदस्य | - | श्री आशकुमारी गुरुङ |
| ९. | सदस्य | - | श्री माईता गुरुङ |
| १०. | सदस्य | - | श्री फूलमाया गुरुङ |
| ११. | सदस्य | - | श्री समिरा गुरुङ |
| १२. | सदस्य | - | श्री विन घले |
| १३. | सदस्य | - | श्री लक्ष्मी वि.क. |
| १४. | सदस्य सचिव | - | श्री नर बहादुर चन्द |

अन्य कर्मचारीहरु

१. लक्ष्मण गौली, इन्जिनियर, चामे गाउँकार्यपालिकाको कार्यालय
२. नम नारायण मल्ल, लेखा अधिकृत, चामे गाउँकार्यपालिकाको कार्यालय
३. दिपेन्द्र गोदार, सूचना प्रविधि अधिकृत, चामे गाउँकार्यपालिकाको कार्यालय
४. डिल गुरुङ,स्वस्थ्य शाखा, चामे गाउँकार्यपालिकाको कार्यालय
५. इन्द्र जंग गुरुङ, शिक्षा शाखा, चामे गाउँकार्यपालिकाको कार्यालय
६. लिल बहादुर गुरुङ, सहायक चौथो, चामे गाउँकार्यपालिकाको कार्यालय
७. उमा तामाङ, प्रशासन सहायक, चामे गाउँकार्यपालिकाको कार्यालय
८. खिल बहादुर गुरुङ,वडा सचिव, चामे गाउँपालिका वडा नं. ४
९. शुसिला गुरुङ, सहायक कमप्युटर अपरेटर, चामे गाउँकार्यपालिकाको कार्यालय

प्रस्तावहरु

१. आ.व. ०७८।७९ को नीति, कार्यक्रम तथा बजेट सम्बन्धमा ।
२. योजनाको पेश्की सम्बन्धमा ।
३. अधुरा योजनालाई आगामी आ.व.मा क्रमागत योजनामा समावेस गर्ने सम्बन्धमा ।
४. बाढीको विपदबाट क्षतिग्रस्त योजनाको भुक्तानी सम्बन्धमा ।
५. योजनाको म्याद थप सम्बन्धमा ।
६. धन्यवाद ज्ञापन सम्बन्धमा ।
७. राय सुझाव सहित सिफारिश सम्वन्धमा ।

निर्णयहरु :

१. चामे गाउँपालिकाको आ.व.०७८।०७९ को लागि पेश गर्नु पर्ने नीति, कार्यक्रम तथा बजेटका सन्दर्भमा बैठकमा व्यापक छलफल भई यस बर्ष आएको भारी बर्षात पश्चात जेष्ठ ३१ र आषाढ १ गते आएको बाढीको विपत्तिले पुय्याएको क्षतिग्रस्त चामे गाउँपालिकाको भौतिक संरचनाहरुको मर्मत संभार तथा पुर्नसंरचना गरी जनजिवन सहज बनाउन, बाढी तथा पहिरोले क्षति पुय्याएका बस्तिहरुको संरक्षण कार्यहरु र पालिकाका गौरवका आयोजनाहरु आगामि आ.व.मा सम्पन्न गर्ने गरी आवश्यक बजेट विनियोजन गर्न मुख्य रुपमा बजेट सिमित हुने गरी वडा स्तरका प्राथमिक्ताका योजनाहरुलाई बजेटमा समावेस गरी सन्तुलित बजेट बनाई यहि २०७८ आषाढ २३ गते बुधवारका दिन चामे गाउँपालिकाको नवौं गाउँ सभामा चामे गाउँपालिकाको आ.व.०७८।०७९ को नीति, कार्यक्रम तथा बजेट पेश गर्ने सर्वसम्मत निर्णय गरीयो ।

२. (क) आ.व.०७७।०७८ को चामे गाउँपालिकाको गौरवको आयोजनाको रुपमा संचालनमा रहेको विद्यालय लोकप्रिय मा.वि. मनाङको "नमुना मा.वि. भौतिक संरचना निर्माण योजना" अन्तर्गत लोकप्रिय मा.वि.मा छात्रवास निर्माण कार्य प्रचलित सार्वजनिक ऐन तथा नियम अनुसार विद्युतिय माध्यमबाट वोलपत्र आवहान भई मितिः२०७८।०३।१० मा श्री धुलिखेल- जे.के. जेभि निर्माण व्यवसायी सगँ रु. २,८३,७३,०२५।२९ (अक्षरुपि दुई करोड त्रियासि करोड त्रियत्तर हजार पच्चिस रुपैया पैसा उनानतिस) को बोलपत्र सम्झौता भई उक्त योजना संचालनको चरणमा रहेको, मितिः२०७८ जेष्ठ ३१ र आषाढ १ गते चामे वजारको घट्टेखोला, माडाखोला लगायत्त मर्याङदी नदिमा आएको बाढीको कारण लोकप्रिय मा.वि.को छात्रवास भवन बगाउँनुको साथै लोकप्रिय मा.वि. समेत सम्पुर्ण विद्यालयनै मस्याङदी नदिको बाढीको जोखिममा रहेकाले विद्यार्थीहरुलाई सुरक्षित स्थानमा राखी विद्यालय संचालन गर्नुपर्ने भएकाले विद्यालयको उक्त छात्रवास निर्माण योजना अभिलम्ब संचालन गर्नुपर्ने भएकाले सोहि योजनामा विनियोजित भएको रकम नमुना विद्यालय भौतिक संरचना कार्यविधि अनुसार खर्च हुने गरी हाल लोकप्रिय मा.वि. को उक्त शिर्षकमा नेपाल बैक लिमिटेड चामे शाखामा खोलिएको खातामा कार्यको भौतिक प्रगतिको आधारमा फेश्की स्वरुप रकम निकासा गर्न गाउँ कार्यपालिकाको कार्यलयलाई निर्देशन गर्ने निर्णय गरीयो ।

तपशिल

| क्र.सं. | योजनाको नाम | पेश्की अंक | सम्झौताको रकम | वोलपत्रदाताको नाम, ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| १ | लोकप्रिय मा.वि. छात्रवास निर्माण योजना | रु.१,५०,००,००० (एक करोड पचास लाख) | रु.२,८३,७३,०२५।२९ | श्री धुलिखेल- जे.के. जेभि | |

(ख) गौरी शंकर आ.वि. भवनमाथि सनहाउस निर्माण कार्यको लागि रु. १० लाख पेश्की

३. आ.व. ०७७।०७८ मा स्वीकृत भई संचालनमा रहेका पालिका स्तरका निम्न योजनाहरु २०७८ जेष्ठ १४ गते आएको बाढीले तिमाङ छहरामा रहेको काठे पुल बगाई चामे-वेशिसहर सडक खण्ड अवरुद्व भई निर्माण सामाग्री ल्याउन नसकिएको साथै २०७८ जेष्ठ ३१ र आषाढ १ गते आएको बाढी पहिरोको विपत्तिले चामे वेशिसहर सडक खण्डका अधिकांस खण्ड पहिरोले बगाई जनजीवन अस्त व्यस्त भई योजनाहरुको निर्माण कार्य ठप्प भई तोकिएको समयमा सम्पन्न गर्न सक्ने अवस्था नरहेको यस विषम परिस्थितिमा निम्नाअनुसारका योजनाहरुको हाल सम्मको निर्माण कार्यको प्राविधिकबाट नापजाच गरी कामको आधारमा भुक्तानी दिने र बाँकी योजनाको निर्माण कार्यलाई आगामी आ.व. ०७८।०७९ मा क्रमागत योजनामा समावेस गर्ने सर्वसम्मत निर्णय गरीयो ।

तपशिल

| क्र.सं. | योजनाको नाम | कामको आधारमा भुक्तानी हुनुपर्ने रकम | आगामि आ.व.को लागि क्रमागत बजेट |
|---|---|---|---|
| १. | स्यार्कु खानेपानी निर्माण योजना | २०,००,०००।- | १४,००,०००।- |
| २. | गौरी शंकर आ.वि. छात्रवास भवन तथा फर्निचर निर्माण | ११,००,०००।- | ४,००,०००।- |
| ३. | कोतो स्वस्थ्य भवन माथि वडा कार्यालय तला थप | ११,००,०००।- | ९,००,०००।- |
| ४. | कोतो स्वस्थ्य भवन कम्पाउन्ड वाल निर्माण | ९,००,०००।- | १,००,०००।- |
| ५. | थानचोक वस्ति संरक्षण कार्य | ६६००००। | १३४००००। |
| ६. | छार्ताङ पार्क गेट निर्माण कार्य | ३,००,०००।- | २,००,०००।- |
| ७. | तिमाङ स्वस्थ्य चौकी भवनको कम्पाउन्ड वाल निर्माण कार्य | ६,३३,०००।- | १३,६७,०००।- |
| ८. | चामे माथि जाने बाटो सिडिमा रेलिङ निर्माण र चामे गुम्बामा रेलिङ निर्माण कार्य | २,५३,०००।- | ५,४७,०००।- |

४. देशभरका साथै मनाङ जिल्लामा २०७८ जेष्ठको अन्तिम सातामा आएको अविरल वर्षात पश्चात जेष्ठ ३१ र आषाढ १ गते आएको पहिरो सहितको बाढीको विपत्तिले समग्र मनाङका साथै चामे गाउँपालिकाको अधिकाम्श भागमा बाढी, पहिरोले पुर्याएको क्षतिका कारण पालिकाबाट संचालन भएका उपभोक्ता समितिबाट कार्य सम्पन्न भई भुक्तानी दिन बाकी रहेका तपशिलका योजनाहरु केही आंशिक रुपमा र केहि पुर्ण रुपमा क्षतिग्रस्त भएको हुदाँ जनताको मेहनत एवं सामाग्रीको खर्च समेत भएकाले विपदमा क्षतिभएको अभिलेख जनाई सम्बन्धित उपभोक्ता समितिलाई भुक्तानी दिन चामे गाउँपालिकालाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित

तपशिल

| क्र.सं. | योजनाको नाम | भुक्तानी दिनु पर्ने रकम | कैफियत |
|---|---|---|---|
| १. | तमु आमा समुहको भवन पछाडि तटवन्धन कार्य | १०,००,०००।- | पुर्ण रुपमा माडाखोलाले बगाएको |
| २. | लाटामनाङ तातोपानी जाने बाटो | १०,००,०००।- | आंशिक क्षति भएको |
| ३. | चार्चे खर्क जाने बाटो र चार्चे डाडामा पार्क निर्माण | १०,००,०००।- | आंशिक क्षति भएको |
| ४. | सल्लाघारी जाने मोटर बाटो निर्माण | २०,००,०००।- | आंशिक क्षति भएको |

५. विश्वभर महामारिको रुपमा फैलिएको कोरोना भाईरसको दोश्रो लहरको महामारीको कारण देशभर जारी भएको निषेधाज्ञाको कारण तथा देशभरका साथै मनाङ जिल्लामा भारी वर्षा पश्चात २०७८ जेष्ठ १४ गते आएको बाढीले तिमाङ छहरामा रहेको काठे पुल बगाई चामे बेशिसहर खण्ड अवरुद्ध भई निर्माण सामाग्री ल्याउन नसकिएको साथै २०७८ जेष्ठ ३१ र आषाढ १ गते आएको बाढी पहिरोको विपत्तिले चामे बेशिसहर सडक खण्डका अधिकांस सडक खण्ड पहिरोले बगाई जनजिवन अस्त व्यस्त हुनुका साथै उक्त बाढी पहिरोका कारण समग्र चामे गाउँपालिका विपत्तिमा परि प्राय योजनाहरुको निर्माण कार्य ठप्प भएकाले सन्झौता बमोजिम तोकोएको समयभित्र योजाको निर्माण कार्य गर्न नसकिएको कारण जनाई निर्माण व्यवसायबाट म्याद थपका लागि निवेदन गरेको अवधिको थप आर्थिक दातित्व नगर्ने गरी योजनाको म्याद थपको निवेदन पेश भएकोले विपदको यो विषम परिस्थितिमा पालिकालाई थप आर्थिक दायित्व नपर्ने गरी तथा निर्माण व्यवसायिले समेत थप आर्थिक भार दावि गर्न नपाउने गरी निम्नानुसारको योजनाको म्याद थप गर्ने सर्वसम्मत निर्णय गरीयो ।

तपशिल

| क्र.सं. | योजनाको नाम | स्थान | लागत इष्टिमेट | व्वसायीको नाम | कवोल अक (भ्याट सहित) | सम्झौता ~~मिति~~ (आन्तिम अवधि) | थप भएको सम्झौता अवधी |
|---|---|---|---|---|---|---|---|
| [illegible] | चामे सिटि हल निर्माण कार्य | चामे ४ मनाङ | रु.३,६०,६७,६४७। | पराजुली कन्स्ट्रसन प्रा लि. | रु.२,७७,०३,३७२। | २०७८।०३।३१ | २०७८ पुष मसान्त सम्म |
| [illegible] | कार्यालय स्टोर भवन निर्माण | चामे ४ मनाङ | रु. ७०,१८,११८। | केवी गुरुङ कन्स्ट्रसन प्रा लि. | रु.४१,३९,९२८।- | २०७८।०३।१५ | २०७८।०९।१५ |
| [illegible] | तातोपानी कुण्डमा खानेपानी तथा चिसोपानी | चामे ५ मनाङ | रु. ९९७३७७।५५ | केवी गुरुङ कन्स्ट्रसन प्रा लि. | रु ५३७३१५।- | २०७८।०३।१५ | २०७८।०९।१५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | आपुर्ति कार्य | | | | | | |
| ४. | गाउँपालिका को परिसरमा कम्पाउन्ड वाल तथा गेट निर्माण | चामे ४ मनाङ | रु १२७९१२१।११ | केवी गुरुङ कन्स्ट्रसन प्रा लि. | रु ६६९९०८।८५ | २०७८।०३।१५ | २०७८।०९।१५ |

६. देशभरका साथै मनाङ जिल्लामा २०७८ जेष्ठको अन्तिम सातामा आएको अविरल वर्षात पश्चात जेष्ठ ३१ र आषाढ १ गते आएको पहिरो सहितको बाढीको विपत्तिले समग्र मनाङका साथै चामे गाउँपालिकाको अधिकाम्श भागमा बाढि, पहिरोले पुर्‍याएको क्षति पुर्‍याई चामे वासि जनतालाई विस्थापित बनाएको हुदाँ उक्त बाढीबाट विस्थापित जनतालाई राहात उद्धार कार्यमा टेवा पुर्‍याउने उद्देश्यले नेपाल सरकार भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय, निर्माण व्यवसाय प्रवर्दन शाखा, निर्माण व्यवसायी कोष मार्फत चामे गाउँपालिकाको विपद व्यवस्थापन कोषमा सहयोग बापत रु. ४ लाख सहायता रकम उपलब्ध गराउन पहल गर्ने विगठित प्रतिनिधि सभाका माननीय सदस्य श्री पोल्देन छोपाङ गुरुङ ज्यु, मनाङ जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री विष्णु लामिछाने लगायत सम्वन्धीत सबै दातालाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

७. एलायन्स इनर्जी सोलुसन्स प्रा.लि. काठमान्डौं प्रस्तावक रही मनाङ जिल्लाको चामे गाउँपालिका वडा नं १ र नार्सों गाउँपालिका वडा नं. ९ मा पर्ने स्यालक्यु खोला जलविधुत आयोजना (४.८० मेगावाट) को मितिः २०७७।०९।३० को मनाङ अनलाइन प्रकाशित सार्वजनिक सूचना र मिति २०७७।०७।१५ मा आयोजना गरिएको सार्वजनिक सुनुवाइ अनुसार कार्यान्वयन हुने स्यर्कु खोला जलविधुत आयोजना विषयको प्रस्तावबाट यस क्षेत्रमा सकरात्मक र नकरात्मक वातावरणीय प्रभाव पर्ने देखिएकोले राय सुझाव सहित सिफारिश पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।